# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कलैया उप महानगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कलैया उप महानगरपालिका

## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कलैया उप महानगरपालिका

## बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ९४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

कलैया उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बारा ।

१. **कैफियत सहितको राय** – हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१० करोड ४४ लाख ३५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएपनि फस्र्यौट नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ११ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड ६३ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.९८ लाख ७५ हजार र पेश्की बाँकी रु.२ करोड ७० लाख ८० हजार समेत गरी यस वर्ष रु.१० करोड ४४ लाख ३५ हजार बेरुजु कायम रहेको छ । कलैया उपमहानगरपालिकाको गतवर्ष सम्म रु.५० करोड १४ लाख ४

हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६० करोड ५८ लाख ३९ हजार रहेको छ । कलैया उपमहानगरपालिकाको बेरुजु वर्गिकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कलैया उपमहानगरपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कलैया उपमहानगरपालिका को व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

**नायब महालेखापरीक्षक**

कलैया उपमहानगरपालिका,

बारा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ४५२ | १०४४३५ | ० | ० | ० | ७६ | ४५२ | १०४४३५ | ११११२३ | ९८७५ | ५६३५७ | ० | ० | ६६२३२ | २७०८० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कलैया उपमहानगरपालिका, बारा | ५०१४०४ | ० | ० | ५०१४०४ | ० | १०४४३५ | ६०५८३९ |

# परिचय

१ **(क) कार्यालय परिचय** :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २७ वडा रहेको छ भने क्षेत्रफल १०८.९ वर्ग किलोमिटर तथा १,३६,२२२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।३ देखि २०८०।९। १३सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको आय — व्ययतर्फ रु. १०,६२,९४,५९२.९३ को

लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरणको परिक्षण-

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्रासि भुक्तानी हिसाब | | | |
|---|---|---|---|
| विवरण | बजेट | यो वर्ष | गत बर्ष |
| **प्रासि** | | | |
| (क) प्रासि (संचित कोषमा आम्दानी बाँधेको) | १५४६३११८१०.७८ | १२१७७५८०६४.८० | १२५३०९८८७५.६२ |
| कर | ३०५२७४०७०.०० | २२७६१९४९२.०८ | २८३८३६०७३.५२ |
| संघिय सरकार अनुदान | ९४१५७५०००.०० | ९०२४१८५४६.६२ | ८५२५६९१९८.७९ |
| प्रदेश सरकार अनुदान | ५३५२५०००.०० | ४०२५६५२७.११ | ४६१९११३७.८४ |
| अन्य राजस्व | ६८७९८९१०.०० | ४१५४८३०८.२३ | ५८३०८३२२.२५ |
| आन्तरिक स्रोत | २०.०० | १४८२०.०० | ५६६६५२.५० |

| | | | |
|---|---|---|---|
| जनसहभागिता | १००००००००.०० | ५९००३७०.७६ | ११६३६४९०.७२ |
| वित्तीय सम्पत्ती | १६७१३८८९०.७८ | ०.०० | ०.०० |
| ख) अन्य प्राप्ति | ८४२२८७१३.३२ | ६०७०८८२७.०२ | ५५६६२८८९.९८ |
| कोषहरु | ८४२२८७१३.३२ | ४४६३९८५२.७६ | ४६२०२७८४.८५ |
| धरौटी | ०.०० | १६०६८९७४.२६ | ९४६०१०५.१३ |
| जम्मा (क+ख) | **१६३०५४०५२४.१०** | **१२७८४६६८९१.८२** | **१३०८७६१७६५.६०** |
| **संचित कोषबाट भुक्तानी** | | | |
| ग) भुक्तानी | १५९१३०४८१०.७८ | १३०४२३०४५८.३२ | १३८६०३७९०१.८२ |
| पारिश्रमिक /सुविधा | ५५७५४१०००.०० | ४६५६३८००८.३८ | ३७०३१४७६८.३८ |
| मालसामान तथा सेवाको उपयोग | ३३२१४००००.०० | ३०४५२५९९७.२० | ३०२६१४२९१.७० |
| ब्याज | ५००००००.०० | २००००००.०० | ५००००००.०० |
| सहायता | ९८०००००.०० | ८१९८९३५.०० | ८४८५७१८.६४ |
| अनुदान | ०.०० | ०.०० | ०.०० |
| सामाजिक सुरक्षा | १५००००००.०० | ८८१४०४८.६० | ३१४७४६६३.४८ |
| अन्य खर्च | ९७५००००.०० | ६४२४८६७.५५ | ११३९२५५०.४१ |

| | | | |
|---|---|---|---|
| गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | ६६२०७३८१०.७८ | ५०८६२८६०१.५९ | ६५६८३५९०९.२१ |
| घ) अन्य भुक्तनी | ८४२२८७१३.३२ | ५८११६८४३.५७ | ५०३४१६२९.८८ |
| कोषहरु | ८४२२८७१३.३२ | ५३६२३२५९.९६ | ४००४०७३६.२० |
| धरौटी | ०.०० | १३६५५९९०.७२ | १०३००८९३.६८ |
| **जम्मा भुक्तानी (ग+घ)** | **१६७५५३३५२४.१०** | **१३६२३४७३०१.८९** | **१४३६३७९५३१.७०** |
| करकट्टी गर्न बाँकी रकम | ०.०० | -९१६२३९९.९१ | ०.०० |
| **मौज्दात तथा अ.ल्या.** | | | |
| ङ)यो वर्षको बचत (न्युन) | -४४९९३०००.०० | -८३८८०४१०.०७ | -१२७६१७७६६.१० |
| च) गत वर्षको जिम्मेवारी रकम अ. ल्या. | ०.०० | २१४४६०४१६.२१ | ३४१८३७५७०.१६ |
| वर्षान्तको बाँकी रकम | -४४९९३०००.०० | १३०५८०००६.१४ | २१४२१९८०४.०६ |
| बैंक तथा नगद बाँकी | ०.०० | १३०१५२५०८.७५ | २०३६९३०४८.४८ |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४१,६५,७७,०१८.९०, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको

रु.८०,००,०००.०, र गरिबसंग विश्वेवश्वर कार्यक्रमा रु.४,६३,०००.० समेत गरी रु ४२,५०,४०,०१८.९० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब–**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,४२,८५,४१३.२१,यस वर्षको प्राप्ति रु.४२,५०,४०,०१८.९,यस वर्षको भुक्तानी रु.४२,५०,४०,०१८.९र बैङ्क मौज्दात रु.२,५६,२८,१७५.६७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **२१,४४,६०,४१६.२१** | **१,२७,८४,६६,८९१.८२** | **१,३६,२३,४७,३०१.८९** | **१३,०१,५२,५०८.७५** |
| एकीकृत आर्थिक विवरणअनुसार | १९,०१,७५,००३.० | १,७०,३५,०६,९१०.७२ | १,७८,७३,८७,३२०.७९ | १०,६२,९४,५९२.९३ |
| फरक | २,४२,८५,४१३.२१ | ४२,५०,४०,०१८.९ | ४२,५०,४०,०१८.९ | २,३८,५७,९१५.८२ |

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मेवारी -**पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।

पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु १९,०१,७५,००३.० मौज्दात रहेकोमा यो वर्ष रु. २१,४४,६०,४१६.२१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,४२,८५,४१३.२१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८,९८,२८,८१६.३४ | ९,२४,९७,१११.४४ | २६,६८,२९५.० |
| चालु खर्च खाता | | २,१४,८८,२१९.०६ | २,१४,८८,२१९.०६ |
| पुंजीगत खर्च खाता | | ५,१७,५३,७९४.८२ | ५,१७,५३,७९४.८२ |
| विविध खर्च खाता | ९९,४५,५९६.२१ | १,६५,०९,११९.२६ | ६५,६३,५२३.०५ |
| स्थानीय तह विविध कोष खाता | १७,४८,८७८.०८ | १७,४८,८७८.०८ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ७९,०४,३९१.९० | ७९,०४,३९१.९० | ० |
| धरौटी | २,०७,२४,८२६.१९ | १७,२४,२३,१२६.१९ | १५१,६,९८,३०० |
| | **१३,०१,५२,५०८.७५** | **२०,९१,४३,८४०.७५** | ७,८९,९१,३३२.० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.१ अर्ब ५० करोड ४२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

६ **योजना प्राथमिकीकरण —**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार २७ वडाको लागि वडागत र पालिकास्तरका कुल ५६७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०४ | ५ | २० | ७९ |
| २. | वडास्तरीय | ४६३ | ५ | १७५ | २८३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

७ **चौमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट** | **कुल खर्च** | **चौमासिक खर्च** | **आषाढ महिनाको** |
|---|---|---|---|

| उपशिर्षक | | प्रथम | दोस्रो | तेस्रो | खर्च |
|---|---|---|---|---|---|
| पूँजीगत खर्च तर्फ | ५०,८६,२८,६०१ | १३,७०,९७,३३८ | ९,८८,५२,३०० | २७,२६,७८,९६३ | १२,८२,५०,५३३ |
| प्रतिशत | १०० | २६.९५ | १९.४३ | ५३.६१ | २५.२१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ५०,८६,२८,६०१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १३,७०,९७,३३८(२६.९५ प्रतिशत), दोस्रो चौमासिकमा रु. ९,८८,५२,३०० (१९.४३ प्रतिशत)र तेस्रो चौमासिकमा रु. २७,२६,७८,९६३ (५३.६१प्रतिशत)खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १२,८२,५०,५३३(२५.२१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सार्वजनिक परीक्षण —**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २७ वडामा २७ योजना सञ्चालन गरी यस वर्ष १३८ जनालाई औसत ६६ दिनले ७९१५ दिन रोजगारी उपलब्ध गराई रु ४५,११,५६३ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना

छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **अनुदानको अनुगमन–** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषिमा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.४१,२८,०००.० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| **कार्यक्रमको नाम** | **अनुदान प्राप्त गर्ने संस्थाको नाम** | **ठेगाना** | **अनुदान रकम** |
|---|---|---|---|
| तरकारी पकेट कार्यक्रम निरन्तरता | मिश्रृत कृषक समुह | वडा न ८,१६,१७ | ५,९९,०००.० |
| कागती खेती कार्यक्रम | कलैयाका कृषक समुह | वडा नं २,१७,२०,२६,१७ | ७,००,०००.० |
| नयाँ धानबाली पकेट विकास कार्यक्रम | कलैयाका कृषक समुह | वडा नं १५,२१ र २२ | १२,००,०००.० |
| उन्नत बिउँ वितरकलाई प्रोत्साहन अनुदान | बोधीमाई कृषी सहकारी | वडा नं २६ | १,५०,०००.० |
| खाद्यान्न बालीको उन्नत बिउँ उपयोगमा अनुदान | कृषक समुह | वडा नं १ देखि वडा नं २७ | ३,७९,०००.० |

| | | | |
|---|---|---|---|
| जैविक तरकारी खेती उत्पादन तथा प्रदशन तथा वितरण | कृषक समुह | वडा नं २२,१७,१५,९,१४,१,२,११,३,८ र १६ | ६,००,०००.० |
| गहुँ पकेट प्रोत्साहन कार्यक्रम | कलैया वडा न १३ | | ३,००,०००.० |
| कृषि चुन वितरण | विभिन्न वडा | विभिन्न वडा | २,००,०००.० |

सैद्धान्तिक बेरुजु

**११ असुली गर्न बाँकी आन्तरिक आय–**

११.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायि एवं व्यक्तिहरुबाट सम्झौता अनुसार देहाय वमोजिम सम्झौता रकम असुल गर्न बाँकी रहेको देखियो ।

सैद्धान्तिक बेरुजु

११.२ **माछा पोखरी वक्यौता-** माछा पोखरी तर्फ यस वर्ष सम्झौता वमोजिम दाखिला गर्नु पर्ने भाडा देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकममा व्याज समेत असुल गर्नु पर्ने रु .

| क्र. स. | फर्म ठेक्दारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम (वार्षिक) | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | सुजित ग्याझस पसल/भोला सहनी | कलैया-१ को माछा पोखरी | ७५,०००.० | ० | ७५,०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | {<br>सुरेन्द्र सहनी/ किरण मत्स्य हाचर फार्म | कलैया-२ को माछा पोखरी | ७३,५५६.० | ६६,०००.० | ७,५५६.० |
| ३ | श्यामदेव साह लहेरा/ श्याम साइकल स्टोर | कलैया-६ को माछा पोखरी | ६४,०००.० | ४८,०००.० | १६,०००.० |
| ४ | राकेश प्र यादव/ सुर्यदेव कन्स्ट्रक्सन | कलैया-९ को माछा पोखरी | ९,८९,२००.० | ० | ९,८९,२००.० |
| ५ | अन्सारुल मियाँ/ स्टार माछा फमए | कलैया-१० को माछा पोखरी | ७,६९,५००.० | ० | ७,६९,५००.० |
| ६ | रामशिस प्रसाद/ रामा किराना एण्ड जे.स्टोर | कलैया-१२ को माछा पोखरी | ६,६२,७५०.० | ० | ६,६२,७५०. |
| ७ | रितेश जयसवाल/ जयगढीमाई गल्ला भण्डार | कलैया-१८ को माछा पोखरी | ४,८२,७७५.० | ३,८२,७७५.० | १,००,०००.० |
| ८ | सुरेश राउत अहिर | कलैया-१९ को माछा पोखरी | ७६,५००.० | ७३,५००.० | ३,०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बलराम प्र यादव/ सुमन ट्रेडर्स | कलैया-२७ को माछा पोखरी | १,४७,०००.० | १,११,०००.० | ३६,०००.० |
| १० | संजय कुशवाहा/ महाविर मेशिनरी स्टोर | कलैया-२७ को माछा पोखरी | ४,६३,३७५.० | ३,६८,३७५.० | ९५,०००.० |
| | | | | | २७,५४,००६.० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,५४,००६ |

११.३ **सटर भाडा बक्यौता-** सटर भाडा तर्फ यस वर्ष सम्झौता वमोजिम दाखिला गर्नु पर्ने भाडा देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकममा व्याज समेत असुल गर्नु पर्ने रु.

| **कोठा नं** | **नाम थर** | **मासिक दर** | **वार्षिक भाडा** | **०७९/०८० को बाँकी रकम** |
|---|---|---|---|---|
| १ | प्रकाश साह कानु | ३२५० | ३९००० | ३२५०० |
| १० | महावीर प्रसाद सोनार | ३२५० | ३९००० | ३९००० |
| १८ | रामजी साह कानु | ३२५० | ३९००० | २६००० |
| २६ | रामेश्वर प्रसाद सोनार | ३२५० | ३९००० | ३९००० |
| २८ | गणेश साह कानु | ३२५० | ३९००० | ३९००० |

| | | | | |
|---|---|---|---|---|
| ४० | ईसराईल मियाँ | ३२५० | ३९००० | ३९००० |
| ४६ | राजा प्रसाद दास | ३२५० | ३९००० | १६२५० |
| ४८ | भक्तराज प्र. कानु | ३२५० | ३९००० | ३९००० |
| ४९ | जैनुलहक अंसारी | ३२५० | ३९००० | २६००० |
| ६० | चन्द्रीका दास बानिया | ३२५० | ३९००० | ६५०० |
| ७१ | जादोलाल साह कानु | ३२५० | ३९००० | ६५०० |
| ७७ | सविता देवी तेली | ३२५० | ३९००० | ३९००० |
| १०५ | भाग्यनारायण प्रसाद | ३२५० | ३९००० | ३५७५० |
| १०६ | मनोज साह बानिया | ३२५० | ३९००० | १३००० |
| ११४ | अनिस रहमान देवान | ३२५० | ३९००० | ३९००० |
| १२० | विवादित | ३२५० | ३९००० | विवादित |
| १२१ | राजकिशोर दास | ३२५० | ३९००० | ९७५० |
| | | | | ४,४५,२५०.० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४५,२५० |

११.४ **काठे गुण्टी बक्यौता-** काठे गुण्टी तर्फ यस वर्ष सम्झौता वमोजिम दाखिला गर्नु पर्ने भाडा देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकममा

व्याज समेत असुल गर्नु पर्ने रु.

| कोठा नं. | नाम थर | मासिक दर | वार्षिक भाडा | २०७९/०८० को बाँकी रकम |
|---|---|---|---|---|
| ७ | जमुना साह | १३०० | १५६०० | १५६०० |
| १५ | चनचन साह कानु | १३०० | १५६०० | ७८०० |
| २० | फुल महमद मियाँ | १३०० | १५६०० | १५६०० |
| २१ | राजिन्द्र कलवार | १६६० | १९९२० | १६६०० |
| २४ | रविन यादव | १६६० | १९९२० | ९९६० |
| २९ | श्याम कृष्ण कोइरी | १३०० | १५६०० | २६०० |
| ३० | हसबुन नेसा अंसारी | १३०० | १५६०० | १५६०० |
| ४३ | हरिशंकर साह सोनार | १३०० | १५६०० | १०४०० |
| जम्मा | | | | ९४१६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,१६० |

१२ **व्यवसाय कर —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७,८२,८०४.० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको

अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आयतर्फ-**

१३.१ **म.ले.प. फारामहरुको प्रयोग-** तिनै तहका सरकारहरुमा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखा परीक्षकबाट मिति २०७६।२।१९ मा विभिन्न म ले प फाराहरु स्वीकृत गरिएका छन् । महालेखा नियन्त्रक कार्यालयले उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरिसकेको छ । यस पालिकाले स्वीकृत भएका म ले प फारामहरु मध्ये राजस्व संग सम्वन्धित म ले फा नं १०१ देखि ११५ सम्मका फाराहरु मध्ये म ले फा नं १०१ देखि वाहेकका फारामहरु प्रयोग गरेको पाईएन। तोकिएका फारामहरु प्रयोग गरी राजस्व अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९,९४,२४,९८०.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४,८१,७६,६८१.० अर्थात अनुमान भन्दा ४८.४५ प्रतिशत कम आय प्राप्त गरेको छ । आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१३.३ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९४,२६,७५,०७३.७३ | ४,८१,७६,६८१.० | ५.११ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.११ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई

फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३.४ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१३.५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १,५०,००,००० | ६२,३५,१४९.२८ | ४१.५७ |
| घरजग्गा वहाल कर | १,००,००,००० | ४३,९९,५९७.२३ | ४४ |
| व्यवसाय कर | १०,००,००० | ७,८२,८०४.४३ | ७८.२८ |
| वहाल विरौटी शुल्क | २५,००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो

क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३.६ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका २७ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. ४,८१,७६,६८१ असुली भई विभिन्न मितिमा दाखिला भएको विवरण प्राप्त भएको छ ।

| **वडा नं** | **अशुली रु.** | **दाखिला रु.** |
|---|---|---|
| १ | ५३१७२० | ५३१७२० |
| २ | ३००८९५.६० | ३००८९५.६० |
| ३ | ३४८३७२.२५ | ३४८३७२.२५ |
| ४ | २६३५०० | २६३५०० |
| ५ | २९३३६० | २९३३६० |
| ६ | २९५४५० | २९५४५० |
| ७ | १४४६४० | १४४६४० |
| ८ | १६८२५० | १६८२५० |
| ९ | २१०३६० | २१०३६० |
| १० | ४३१०५९.८५ | ४३१०५९.८५ |

| | | |
|---|---|---|
| ११ | १८५९२४.६० | १८५९२४.६० |
| १२ | २०३३९८.४० | २०३३९८.४० |
| १३ | ३९११२४.४० | ३९११२४.४० |
| १४ | ३३९०६९.६० | ३३९०६९.६० |
| १५ | २४६३०३.०४ | २४६३०३.०४ |
| १६ | ५०१८०६.६० | ५०१८०६.६० |
| १७ | ३१६०७५.४५ | ३१६०७५.४५ |
| १८ | ४१७३०९.८२ | ४१७३०९.८२ |
| १९ | ३७१२२६.०८ | ३७१२२६.०८ |
| २० | ३३०७२७२.८० | ३३०७२७२.८० |
| २१ | २५३५९७.४० | २५३५९७.४० |
| २२ | २५७६३२ | २५७६३२ |
| २३ | २७३०८२.७५ | २७३०८२.७५ |
| २४ | ३८१०४७.२० | ३८१०४७.२० |
| २५ | १८९९६१.८० | १८९९६१.८० |

| | | |
|---|---|---|
| २६ | २७८३९७.४५ | २७८३९७.४५ |
| २७ | २५६०५४.३६ | २५६०५४.३६ |
| | ३७०१९८७९.५३ | ३७०१९८७९.५३ |
| **जम्मा** | **४८१७६६८१** | **४८१७६६८१** |

सैद्धान्तिक बेरुजु

१४ **तलवी प्रतिवेदन —**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु. ६,८४,३८,७७७.० र पालिकाका तर्फका कर्मचारीको रु.२,७७,०९,५६५ समेत रु. ९,६१,४८,३४२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-**

१५.१ पालिका बाट प्राप्त विवरण अनुसार पालिकामा स्वास्थ्यका कर्मचारी वाहेक स्थायी ६३जना, करार ८६ जना, दैनिक ज्यालादारी तर्फ कार्यालय सहयोगी, भान्से सुपरभाईजर,विजुली मिस्त्री , नगरप्रहरी गरि ६९ जना एवं करिव २०० जना सफाई कर्मचारी रेहका छन । यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

सैद्धान्तिक बेरुजु

१५.२ **दरवन्दी र पदपूर्ति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६३ जना स्थायी पदपूर्ती भएको देखिन्छ ।

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत वडा सचिव सहित १५३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु समयमा पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.३ **वडा सचिव-** स्वीकृत दरवन्दी अनुसर सवै वडाहरुमा ना सु पाँचौ तहको दरवन्दी रहेको छ । दरवन्दी अनुसार २७ वडामा २७ जना ना.सु. पाँचौ तह पदपूर्ति हुनु पर्दछ । वडा सचिवहरुको पदपूर्तिको अवस्था देहायवमोजिम छः

| **सि नं** | **वडा सचिवको नाम** | **वडा नं** | **सेवा समूह** |
|---|---|---|---|
| १ | नन्दकिशोरजैसवार | ३ | स्वास्थ्य |
| २ | शिवशंकरप्र.कुशवाहा | ७ | स्वास्थ्य |
| ३ | अवधकिशोरसाह | ८ | स्वास्थ्य |
| ४ | मनोज कुमारयादव | ९ | स्वास्थ्य |
| ५ | रामनरेशसाह | १० | स्वास्थ्य |
| ६ | रामबाबुकुशवाहा | ११ | स्वास्थ्य |
| ७ | रामबाबुकुशवाहा | १२ | स्वास्थ्य |
| ८ | रामनरेशसाह | १४ | स्वास्थ्य |
| ९ | नारदप्रसाद यादव | १५ | स्वास्थ्य |

| | | | |
|---|---|---|---|
| १० | रघु सहनी | १९ | स्वास्थ्य |
| ११ | राम प्रवेशयादव | २० | स्वास्थ्य |
| १२ | गोविन्दगुप्ता | २३ | स्वास्थ्य |
| १३ | चन्द्रिकाप्रसाद यादव | २४ | स्वास्थ्य |
| १४ | मनोज कुमारयादव | २६ | स्वास्थ्य |
| १५ | गोरखप्रसाद पंडित | २७ | स्वास्थ्य |

प्राप्त विवरण अनुसार हरदेवप्रसाद साह कानलाई वडा नं १६ र १७ तथा राम एकवाल प्रसाद कुर्मीलाई वडा नं २१ र २२ को जिम्मेवारी दिएको छ ।त्यस्तै १५ वटा वडाहरुमा प्रशासन तर्फको ना सु को दरवन्दी भएता पनि स्वास्थ्य तर्फका कर्मचारीहरुलाई जिम्मेवारी दिईएको छ । उपचारमा संलग्न हुनु पर्ने स्वास्थ्यकर्मीहरु वडा प्रशासनमा संलग्न हुँदा स्वास्थ्य सेवा प्रभावित भएको छ । त्यसैले दरवन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५.४ **नगर प्रहरी —** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । साविकमा स्थायी तर्फ ३ जना र करार तर्फ ६ जना गरी ९ जना कार्यरत रहेको अवस्थामा पालिकाले २०७९।११।३० देखी २०८०।६।१७ सम्म पटक- पटक गरी २२ जनालाई नगर प्रहरीमा सोझै भर्ना गरी डोर हाजिरमा काम काजमा लगाएको छ । साथै पालिकाका लागि के कति संख्या आवश्यक पर्ने हो भन्ने संख्या पनि एकिन गरेको देखिएन । पेशागत सीप र शारीरिक तन्दुरुस्ती जांच गरी प्रतिसपर्धाबाट नियुक्त गर्नु पर्ने पदमा सोझै नियुक्त गर्नु उचित देखिएन । यसरी नियुक्त भएका थप नगर प्रहरीलाई

भुक्तानी गरेको तलवको रकम प्राप्त गर्न नसकिएकोले थप व्ययभार एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१६ **आर्थिक सहायता -**

१६.१ पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ७५ लाख ९८ हजार आर्थिक सहायता र धार्मिक तथा सांस्कृतिक संस्था सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४ करोड ८१ लाखको १५.८० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्न रहेको छः

सैद्धान्तिक बेरुजु

१६.२ **धार्मिक तथा सांस्कृतिक सस्था सहायता-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने र ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले धार्मिक तथा सांस्कृतिक संस्था सहायतामा वडा सचिव तथा वडा अध्यक्षहरुलाई पेश्की दिई एकमुष्ठ भरपाई दाबैका आधारमा विभिन्न संस्था समिति तथा व्यक्तिहरुलाई भुक्तानी दिई समयमै पेश्की फछ्यौंट नगरी ढिला फछ्यौंट गर्ने गरेको देखियो । सम्बन्धित कार्यक्रमको लागि सम्बन्धित समिति तथा व्यक्तिहरुको बैङ्क खाताम भुक्तानी नदिई यसरी भरपाईका आधारमा नगद भुक्तानी दिएकोमा सम्बन्धितले पाएको भनि विश्वस्त हुन सकिएन।परीक्षणका क्रममा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छनः

| भौ. न.- मिति | पेश्की फछ्यौंट गर्नेको नाम | रकम | पेश्की फछ्यौंट विवरण | |
|---|---|---|---|---|
| ६२७-२०७९।८।७ | वडा अध्यक्ष हिरालाल चौधरी | १५०००० | दुर्गा पुजा समिति अध्यक्ष रविन्द्र प्रसाद चौधरी | ३१००० |

| | | | | |
|---|---|---|---|---|
| | | | छठ पुजा समिति नागेन्द्र चौधरी | १७००० |
| | | | छठ पुजा समिति संजय कुमार साह | १७००० |
| | | | छठ पुजा समिति विजय लाल चौधरी | १७००० |
| | | | छठ पुजा समिति अजय चौधरी | १७००० |
| | | | छठ पुजा समिति रमोद कुमार यादव | १७००० |
| | | | छठ पुजा समिति वैजनाथ राम | १७००० |
| | | | छठ पुजा समिति नन्दलाल दास | १७००० |
| | | | **जम्मा** | **१५००००** |
| ६४५-२०७९।८।१४ | राजीव पाण्डेय | १५०००० | दुर्गा पुजा मेला समिति राजानाथ प्रसाद जयसवार | ९०००० |
| | | | छठघाट सजावट विनोद राउत कुर्मी | २५००० |
| | | | छठघाट सजावट | २५००० |

| | | | | |
|---|---|---|---|---|
| | | | किशोरी प्र यादव | |
| | | | कृष्ण जन्माष्टमी | १०००० |
| | | | **जम्मा** | **१५००००** |
| ८२६-२०७९।११।२ | राजेश ठाकुर हजाम | १५०००० | मुन्ता कुमार मण्डल | ५०००० |
| | | | सुमन प्र साह | ३०००० |
| | | | ओमप्रकास प्र यादव | १०००० |
| | | | वेलपानी माई मन्दिर सेवा संचालन भुपेन्द नेपाली | ३५००० |
| | | | रामेश्वर गोसाई | ५००० |
| | | | हनुमान मंदिर रंगरोगन शैलेन्द्र मिश्र | २०००० |
| | | | **जम्मा** | **१५००००** |

सैद्धान्तिक बेरुजु

१७ **फोहरमैला व्यवस्थापन —** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोर मैला व्यवस्थापनको लागि सफाई कर्मी ट्याक्टर भाडा मर्मत ईन्धन लगायतमा करोडौ रकम खर्च गर्दै आएको छ । यस वर्षको

आषाढ मसान्तमा मात्रै १६८ सफाईकर्मीका लागि रु ३०१५१८०। तलव भत्ता भुक्तानी गरेको छ भने वर्ष भरी नै करिव २०० जना सफाई कर्मी पालिकास्तरमा र २७ वडाहरुमा खटिने गरेको अभिलेखबाट देखिन्छ । उक्त कार्यका लागि ईन्धन तथा मर्मत र भाडाको खर्च रकम प्राप्त हुन नसकेकोले विश्लेषण गर्न सकिएन ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको मितव्ययी तवरले उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. २७०७९७५०.० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| **भौ. न, मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने व्यक्ति/पद** | **म्याद नाघेको पेश्की रकम** |
|---|---|---|---|
| २ -०७९।६।५ | सेवा निवृत्तको औषधी उपचार | का.स. कन्हैयालाल राउत | १५००००.० |
| ३ -०७९।७।२ | सेवा निवृत्तको औषधी उपचार | का.स. विरेन्द्र कुमार जयसवाल | २०००००.० |
| ३ -०७९।७।२२ | सेवा निवृत्तको औषधी उपचार | का.स. हरेन्द्र महतो कोईरी | ३०००००.० |
| ५ -०७९।९।१ | सेवा निवृत्तको औषधी उपचार | अधिकृत छैठौ सुनिल प्रसाद यादव | ५०००००.० |
| ८ -०७९।९।२२१ | कार्यक्रम खर्च | सहायक पाँचौ प्रमोद कुमुर सहनी | ३००००.० |
| ११ -०७९।९।२२१ | दुहुना भैसी पालन कार्यक्रम | अधिकृत छैठौ नजबुल्लाह अंसारी | ४१४३७५.० |

| | | | |
|---|---|---|---|
| ११ -०७९।९।२२१ | दुहुना भैसी पालन कार्यक्रम | अधिकृत छैठौ नजबुल्लाह अंसारी | २२३१२५.० |
| ३ -०८०।२।३ | दुहुना भैसी पालन कार्यक्रम | दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६४७६१००.० |
| ५-०८०।३।५ | दुहुना भैसी पालन कार्यक्रम | दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १३२०००.० |
| ५-०८०।३।५ | दुहुना भैसी पालन कार्यक्रम | दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४१००२५०.० |
| ८-०८०।३।५ | दुहुना भैसी पालन कार्यक्रम | दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २२४३८५०.० |
| ९-०८०।३।५ | दुहुना भैसी पालन कार्यक्रम | दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३२३८०५०.० |
| ४७३-२०७९.६।११ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | वडा अध्यक्ष मो. आलम पावरिया | १५००००.० |
| ५५४-२०७९।७।२ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | वडा अध्यक्ष रामेश्वर प्रसाद यादव | १५००००.० |
| ४३३-२०७९।६।९ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | अधिकृत छैठौ रघु प्रसाद सहनी | १५००००.० |

| | | | |
|---|---|---|---|
| ४५२-२०७९।६।९ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | सहायक चौथौ अनिल कुमार यादव | १५००००.० |
| ४७१-२०७९।६।११ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | सहायक पाँचौ हरदेव प्रसाद कानू | १५००००.० |
| ३०७-२०७९।६।३१ | समपुरक कोष | अधिकृत छठौ अनिलकुमार पाण्डे | १६४००००.० |
| ३०८-२०७९।६।३१ | समपुरक कोष | अधिकृत छठौ अनिलकुमार पाण्डे | १५७०००.० |
| ५८१-२०७९।०७।०४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | का.स. संगम कुमार चापागाई | १५००००.० |
| ५८६-२०७९।०७।०५ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | का.स. मेघराज सहनी | १५००००.० |
| ५८८-२०७९।०७।०६ | मेशिनरी औजार तथा मर्मत सम्भार तथा सन्चालन खर्च | हेभी सवारी चालक मकवुल अन्सारी | १०००००.० |
| ३५०-२०७९।७।२३ | भ्रमण तर्फ छटयाइएको रकम | सहायक चौथौ अनिल कुमार यादव | १५००००.० |
| ६००-२०७९।७।२४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | अधिकृत छैठौ नारद प्रसाद यादव | १५००००.० |
| ६५४-२०७९।८।१४ | कार्यक्रम खर्च वेवारिसे लास व्यवस्थापन | उषा कुमारी | १४०००.० |
| ५०३- | भ्रमण तथा अवलोकन | अधिकृत छैठौ रामबाबु | १०००००.० |

| | | | |
|---|---|---|---|
| २०७९।१०।११ | कार्यक्रम | प्रसाद कुशवाहा | |
| ५४८-२०७९।११।१६ | धर्म संस्कृती प्रबर्द्धन कार्य | अधिकृत छैठौ रामबाबु प्रसाद कुशवाहा | ८००००.० |
| ५७९-२०७९।११।२१ | धर्म संस्कृती प्रबर्द्धन कार्य | सहायक पाँचौ राजेश प्रसाद यादव | ८००००.० |
| ६२२-२०७९।१२।१४ | मुस्लिम धार्मिक संस्थागत | सहायक पाँचौ रामप्रवेश कुमार यादव | १२००००.० |
| ६८८-२०८०।१।६ | सुरत स्वास्थ्य चौकीमा व्यवस्थापन गर्न | अधिकृत छैठौ मनोजकुमार यादव | १७६०००.० |
| ७९६-२०८०।२।११ | वडा नं १२ वडा कार्यालयको जनप्रतिनिधि र वडा कर्मचारीको भ्रमण कार्यक्रम | सहायक चौथो आसुतोष पाण्डेय | १२००००.० |
| १३९१-२०८०।२।१४ | विविध खर्च | नायव सुव्वा रामजी पण्डल महतो | १००००.० |
| ८५०-२०८०।२।३० | भ्रमण | सहायक पाँचौ नन्द किशोर जैसवार | १३००००.० |
| १४३९-२०८०।२।३२ | कार्यक्रम खर्च वेवारिसे लास व्यवस्थापन | नायव सुव्वा प्रमोद कुमार सहनी | ३००००.० |
| ९८९-२०८०।३।२१ | खेलकुद सामाग्रो तथा गतिविधि | सहायक पाँचौ राजेश्वर बहादुर गौतम | १५००००.० |
| १६४५- | विमा तथा नविकरण खर्च | सहायक पांचौ नरोत्तम | २०००००.० |

| | | | |
|---|---|---|---|
| २०८०।३।२४ | | अधिकारी | |
| ८५५-२०८०।२।३० | लुमन्तिसंगको सहकार्यमा आवास निर्माण | लुमन्ती (सम्झना) | २५०००००.० |
| ८६५-२०८०।२।३१ | लुमन्तिसंगको सहकार्यमा आवास निर्माण | शहरी गरीवी निवारण मन्च | ५०००००.० |
| १०१४-२०८०।३।२३ | लुमन्तीसंग सहकार्य गरी कट्टी टोल र पर्सा टोलमा र कलैयमा गरिव असहायहरुकव लागी आवास निर्माण गर्न | शहरी गरीवी निवारण मन्च | १०५००००.० |
| २२९-२०७९।५।३१ | धर्म संस्कृति मेला, दैविक प्रकोपको लागि | मेघराज सहनी | १००००.० |
| ४७८-२०७९।६।११ | धर्म तथा सास्कृतिक संस्था सहायता | रामबाबुप्रसाद कुशवाहा | १५००००.० |
| ३०९-२०७९।६।३१ | भैपरी आउने खर्चको लागि नाल र बाटो मर्मत कार्य र अन्य विधुतिकरण कार्य र धार्मिक संस्कृति प्रवर्द्धन र सामाग्री खरिद | जमुना ठाकुर हजाम | १५००००.० |
| ३८४-२०७९।८।१५ | फुटवल टुर्नामिन्ट | सुरेश राउत | १२५०००.० |
| १६४-२०७९।१२।२४ | गुनासो सुनुवाई कार्यक्रम | महमद इमरान ठकुराई | ५००००.० |
| ७१५-२०८०।१।१४ | भैपरी आउने कार्यको लागि | रामनरेश प्रसाद शाह | ८००००.० |

| | | | |
|---|---|---|---|
| | | **जम्मा** | २७०७९७५०.० |

| | |
|---|---|
| पेश्की | २,७०,७९,७५० |

१९ **म्याद ननाघेको पेश्की —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष समपुरक कोषबाट चौधरी कन्स्ट्रक्सनलाई रु ४५,००,००० र मोतिसर विद्यालय भवन निर्माणको लागि नेरीसा कन्स्ट्रक्सन कम्पनी लाई रु. ८,००,०००.० गरी रु. ५३,००,०००.० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,०६,२५,००० | २,१३,३२,२३९.८६ | १.६३ |
| २ | पूर्वाधार विकास | ५३,१७,९८,८१०.७८ | ४०,८३,५९,६२२.८५ | ३१.३१ |
| ३ | सामाजिक विकास | ६०,४३,९७,००० | ५४,६०,१७,४७८.११ | ४१.८६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,९३,८१,००० | १,३५,२४,५८६.०१ | १.०३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ४०,५१,०३,००० | ३,१४९,९६,५३१.४९ | २४.१५ |
| **जम्मा** | | **१,५९,१३,०४,८१०.७८** | **१,३०,४२,३०,४५८.३२** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४१.८६ प्रतिशत र. संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.०३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२१ **बजेट अवण्डा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु १ करोड ३५ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.१ करोड २२ लाख ६१ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **वार्षिक खरिद योजना/गुरुयोजना —** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५०,८६,२८,६०१.५९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई

व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **म.ले.प. फारामहरुको प्रयोग-** तिनै तहका सरकारहरुमा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखा परीक्षकबाट मिति २०७६।२।१९ मा विभिन्न म ले प फाराहरु स्वीकृत गरिएका छन् । महालेखा नियन्त्रक कार्यालयले उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरिसकेको छ । यस पालिकाले स्वीकृत भएका म ले प फारामहरु मध्ये निर्माण कार्य संग सम्वन्धि ५०१ देखि ५१४ सम्म फारामरु मध्ये कतिपय फाराहरु जस्तै फाराम नं ५०२ परामर्श सेवाको लागत अनुमन फाराम नं ५०५ आईटमवाईज कार्य अभिलेख खाता फाराम नं ५०६ ठेक्कागत अभिलेख खाता फाराम नं ५०७ ठेक्कागत अभिलेख खाता राख्ने गरेको पाईएन ।साथै फाराम नं ५०३ नापी किताव फाराम नं ५०४ ठेक्का सम्वन्धी बिल फाराम नं ५१० कार्यस्वीकार । कार्य सम्पन्न प्रतिवेदन तोकिएको ढांचामा राखेको पाईएन ।अत पालिकाले तोकिएका फारामहरु प्रयोग गरी अभिलेख प्रणाली व्यवस्थित राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **जिन्सी व्यवस्थापन-**

२५.१ **जिन्सी -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राखुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- · कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका

सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५.२ **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| रामजानकी मन्दिर पोखरी निर्माण | श्री मापल इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा लि विरगंज | ५,८६,२२१ | ५,८६,२२१ |
| मधेश आर्ट एण्ड कल्चरल म्युजियम | श्री त्रैलोक्य विल्डर्स एण्ड कन्सलटेन्ट प्रा लि ललितपुर | ८,७२,००० | ८,७२,००० |
| माटोको क्षयिकरण सम्बन्धी अध्ययन | क्रिस्टल इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट कन्सलटेन्स प्रा लि विरगंज | १७,६५,००० | १७,६५,००० |
| जम्माः | | **३२२३२२१.५२** | **३२२३२२१.५२** |

यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

२७ **न्यायिक समिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ५८ गरी कुल ७१ विवाद दर्ता भएकोमा ४९ वटा मात्र फस्यौंट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १४२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **शिक्षा समिति कोष**

सरकारी कारोवार निर्देशिका, २०७६ को परिच्छेद ४ मा स्थानिय तह ग -५ विविध कोष खाता स्थानिय तहको परिषद्को निर्णय तथा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सिफारिस तथा दस्तखत प्रमाणित भई सकेपश्चात मात्र खाता खोल्ने व्यवस्था छ । आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३६ मा लेखापरीक्षणको क्रममा कारोवार लेखा तथा विवरण पेश गर्नु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले सरकारी कारोवार निर्देशिका २०७६ को प्रक्रिया पुरा नगरी नगर शिक्षा समितिले बैंक खाता संचालन गरी विद्यालयबाट प्राप्त हुने आम्दानी विगत देखि उक्त खातामा जम्मा गर्ने गरेको पाइयो । उक्त रकमको शिक्षा समिति कोष खाताको सन्चालन गरेकोमा उक्त खाताको गत विगत देखि लेखापरीक्षण भएको देखिएन । उक्त बैक खाता बन्द गरिएको मौखिक जानकारी पालिकाबाट

आएतापनि उक्त कोषको श्रेस्ता यस वर्ष पनि लेखापरीक्षणको क्रममा पेश भएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **पालिका चालुतर्फ-**

३०.१ **भाडा कर १० प्रतिशत असुल गर्नुपर्ने-** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम भाडामा १० प्रतिशत कर लाग्ने व्यवस्था छ ।३७४-२०७९।६।४ मा रु २,८४,२४५ आषाढ देखि भाद्र महिनासम्मको सरसफाई साधन भाडा वापतको रकम भुक्तानी गर्दा १० प्रतिशत भाडा कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टा गरी भुक्तानी दिएकोले बाँकी ९ प्रतिशत सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,९०० |

३०.२ **इन्धन खर्च-**गाउँपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु १ करोड ९१ लाख २० हजार ८ सय ६ खर्च गरेको छ जुन आन्तरिक आयको ३९.६८ प्रतिशत हुन आउछ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन उपलव्ध नगराएको एवं सवारी साधनको विवरण पनि उपलव्ध नगराएको कारण सवारी साधन र ईन्धन उपयोगको अवस्था विश्लेषण गर्न सकिएन । इन्धन उपलब्ध गराउदा कर्मचारीको नाम र इन्धन परिमाण खुल्ने रजिष्टर राखेतापनि स्थान र किलोमिटर खुल्ने गरी लगबुक नराखी कार्यालयको काम समेत उल्लेख नगरी इन्धन उपलब्ध गराउने गरेको देखियो। पालिकाले इन्धन उपलब्ध गराउदा प्रदेश खर्च मापदण्ड निर्देशिकाको आधारमा सवारी साधनको संख्या र लगबुकको आधारमा इन्धन उपलब्ध गराई इन्धन खर्चमा मितव्ययिता अपनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३०.३ **सवारी साधन मर्मत-**आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, बमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो संम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा सोको अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म. ले. प. फा. न ४१५ तयार नगरी सवारी साधन मर्मत र मेशिनरी औजार मर्मतमा विभिन्न भौचरहरुबाट रु ६२,७३,१११.० खर्च लेखेको छ ।नियमको पालना गरी खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३०.४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु १० लाख रुपैयाँ सम्मको निर्माण कार्य मालसामान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।

तर पालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ३०,६५,८११.० खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **सम्पति फिर्ता गर्नुपर्ने -** ७१७-२०८०।१।१५आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने र ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्मार्ट ग्रुपबाट रु ९९,००० को वासिङ मेसिन खरिद गरी संजीवनी वाटिका जितपुर सिमरा लाई दिएको छ । औचित्य र प्रयोजन नखुलाई जिन्सी सामान खरिद गरी अन्य संस्थालाई दिने कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,००० |

३२ **जग्गा वर्गीकरणको प्रतिवेदन पेश गर्नुपर्ने-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ।पालिकाले ६८३-२०७९।९।४ मा रु १,९३,६८० र १५७९-२०८०।३।२१ मा रु २४,६०० गरी जम्मा रु २,१८,२८० वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्यमा खटिएका कर्मचारीहरुको खाजा खर्च भनि खर्च लेखेको छ। लेखापरीक्षणको क्रममा जग्गा वर्गीकरण सम्बन्धी कुनै पनि प्रतिवेदन पेश नभएकोले के कति जग्गा वर्गीकरण भएको हो सो सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१८,२८० |

३३ **फरक शिर्षक-** उपमहानगरपालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रमा खर्च गर्नु पर्दछ ।नगर सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका वजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ । यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै निम्नानुसार गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

| भौ .न. मिति | शिर्षक | भुक्तानी भएको विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| ८६४ २०७९।११।४ | जनप्रतिनिधी सेवा सुविधा | असोज महिनाको सरसफाई साधन फोहोर संकलन | मंसा हजरा दुसाद | २५५४० |

| | | | | |
|---|---|---|---|---|
| | | ट्याक्टर भाडा | | |
| ९९८ ०७९।११।१९ | जनप्रतिनिधी सेवा सुविधा | वडाका कार्यालय सहयोगी तथा विजुली मिस्त्रीको माघको तलब | ज्यालादारी ४४ जनाको बैङ्क मार्फत भुक्तानी | ३८७००० |
| १५९४ ०८०।३।२२ | मेशिनरी तथा औजार मर्मत सम्भार खर्च | इन्टरनेटको सेवा शुल्क | वल्डलिंक कम्युनिकेशन प्रा लि | ६७१२२० |
| १६३९ ०८०।३।२४ | सरसफाईकर्मीको ज्याला | परिचय पत्र दर्ता स्टेशनमा दर्ता सहयोगीको खाजा खर्च | निकी कुमारी | २१००० |
| १६४२ ०८०।०३।२४ | सरसफाईकर्मीको ज्याला | पाले पहराको खाजा खर्च | सिकिलदेव मल्ली डोम | ११००० |
| पालिका पूजीगत | | | | |
| ८३४- २०८०।२।२५ | बाटो मर्मत तथा सम्भार | वडा न ५ को हनुमान मंदिर पुजा गरेको खर्च | राम कुमार प्रसाद साह कानु | ५०००० |
| **जम्मा** | | | | **११६५७६०** |
| | | | अनियमित भएको | ११,६५,७६० |

३४ **गत विगतको भुक्तानी-**

३४.१ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । काम सम्पन्न भएका योजना तथा कार्यक्रमहरु सोही वर्ष

भुक्तानी गरी हिसाव फरफारक गर्नु पर्दछ । पालिकाले यस वर्ष देहायवमोजिम गत आ.व. मा सम्पन्न भएको योजनाहरु सोही वर्ष भुक्तानी नगरी यस वर्षका लागि दायित्व भुक्तानी गरेको छः

**(रु. हजारमा)**

| **विवरण** | **श्रोत** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| गत आ.व. को दायित्व भुक्तानी | नेपाल सरकार समानीकरण अनुदान | १०००० | ९९१० |
| गत आ.व. को दायित्व भुक्तानी | आन्तरिक श्रोत | १२७१३८ | १२६९४५ |
| जम्मा | | १३७१३८ | १३६८५५ |

यस वर्ष गत आ व को दायित्व रु.१३ करोड ६८ लाख ८५ हजार भुक्तानी भएको छ ।गत वर्षको भुक्तानी दिनुपर्ने अवस्थामा शिर्षकगत रुपमा विवरण तयार गरी भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फ.नं २२१) प्रमाणित एवं सो अनुरुप बजेट व्यवस्था गरी भुक्तानी दिनुपर्नेमा बजेटमा एकमुष्ट रुपमा बजेट व्यवस्था गरी भुक्तानी गरेको छ । पालिकाले म.ले.प.फा.नं २२१ प्रमाणित गरेको छैन भने सो को अभिलेख SUTRA मा समेत प्रविष्टी भएको देखिदैन । यस सम्वन्धमा पालिकामा छलफल हुँदा अनुमान अनुरुपको आन्तरिक आय असुली नभएकोले दायित्व सृजना भएको जनाएको छ । तसर्थ पालिकाले बजेट अनुमानलाई यथार्थपरक बनाई सालवसाली कार्यक्रमहरु सो वर्ष सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४.२ **गत विगतको अनुगमन भत्ता वडास्तरीय -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (४)(ख) मा योजना तथा कार्यक्रको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने काम कर्तव्य र अधिकार नगर उपप्रमुखलाई दिएको छ ।त्यसका लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७७ को दफा ८ मा पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थनीय तहले संचालन गरेका आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा तीन पटक सम्मको अनुसूची बमोजिमको अनुगमन भत्ता पाउने व्यवस्था छ । सो हिसावले एक वर्षमा वढीमा ३६ वटा अनुगमनको भत्ता दिन सकिन्छ । पालिकामा वडाका प्रतिनिधिहरुलाई समेत यस वर्ष गत आ व २०७८।७९ को एकमुष्ट रु.४२,३८,११२.० अनुगमन भत्ता भुक्तानी दिएको पाईयो। ऐनमा भएको व्यवस्था अनुसार योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने अधिकार उपप्रमुखको संयोजकत्वमा भएको

अनुगमन समितिलाई मात्र दिएको छ । श्रेस्ता परीक्षण गर्दा उपप्रमुखको संयोजकत्वमा भएको समितिले योजनाको अनुगमन गरेको भनी पटक पटक भत्ता खर्च लेखिसकेको अवस्थामा आर्थिक वर्ष सम्पन्न भई सकेपछि पुनः वडास्तरमा छुट्टै अनुगमन गरेको भनी अनुगमन भत्ता भुक्तानी दिएको छ । गत वर्षको भुक्तानी यस वर्ष दिनका लागि नामनामेसी सहितको विवरण प्रमाणित गरेको छैन । जसले गर्दा यस्तो भुक्तानीको औचित्यता यकिन गर्न सकिएन ।त्यसैगरी वडागत रुपमा अनुगमन गर्दा वा अन्य कर्मचारीले अनुगमन गर्दा सो वापत छुट्टै सुविधा दिने व्यवस्था कानून रुपमा नभएका कारण यस्तो खर्च मनासिव देखिदैन । गत वर्षको भुक्तानी अङ्क ठुलो रहेकोले यस वर्षको कार्यक्रम र उपलव्धिमा समेत असर परेको देखिन्छ । अतः कानूनमा व्यवस्था नभएको अवस्थामा समेत वडाका प्रतिनिधि तथा कर्मचारीहरुलाई अनुगमन गरेको उल्लेख गरी देहायवमोजिम भुक्तानी दिएको अनुगमन भत्ता नियमसम्मत नदेखिएको रु.

| **भौ नं र मिति** | **वडा नं** | **आ व** | **भत्ता वुझ्ने** | **कर पछिको भत्ता रकम** |
|---|---|---|---|---|
| २१।२०७९।५।४ | १ | २०७८।७९ | धर्मेन्द्र साह | ७६५००.० |
| ५१।२०७९।५।४ | १ | २०७८।७९ | हरेराम मेहता | ७६५००.० |
| ५३।२०७९।५।४ | १ | २०७८।७९ | रंजना घिमिरे | ७६५००.० |
| ५५।२०७९।५।४ | १ | २०७८।७९ | नैन कुमारी | ७६५००.० |
| ५६।२०७९।५।४ | १ | २०७८।७९ | हरिओम प्रसाद सोनार | ७६५००.० |
| | | | **जम्मा** | **३८२५००.०** |
| ८१।२०७९।५।५ | २ | २०७८।७९ | वडा अध्यक्ष राजेश कुमार महतो | ७०१२५.० |
| | | | **जम्मा** | **७०१२५.०** |
| २४।२०७९।५।४ | ४ | २०७८।७९ | वडा सदस्य चन्द्रकान्त कुमारी | ५७३७५.० |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** | **५७३७५.०** |
| ४०।२०७९।५।४ | ५ | २०७८।७९ | पुरुषोतम लामा | १९१२५.० |
| ४३।२०७९।५।४ | ५ | २०७८।७९ | वडा सदस्य शुशिला देवी कर्मीन | ५१०००.० |
| ४४।२०७९।५।४ | ५ | २०७८।७९ | वडा सदस्य साहेवजान मन्सुर | ५१०००.० |
| ४५।२०७९।५।४ | ५ | २०७८।७९ | वडा सदस्य शान्ति देवी तात्मिन | ५१०००.० |
| | | | **जम्मा** | **२२९५००.०** |
| २३।२०७९।५।४ | ६ | २०७८।७९ | राजकुमारी देवी | १२७५०.० |
| २५।२०७९।५।४ | ६ | २०७८।७९ | रामलाल ठाकुर बढई | १२७५०.० |
| २६।२०७९।५।४ | ६ | २०७८।७९ | जगदिश प्रसाद पण्डित | १२७५०.० |
| २९।२०७९।५।४ | ६ | २०७८।७९ | वडा सदस्य दुखनी धोवीन | १२७५०.० |
| ३६।२०७९।५।४ | ६ | २०७८।७९ | राजकुमारी देवी | ६३७५.० |
| ३७।२०७९।५।४ | ६ | २०७८।७९ | दुखनी धोविन | ६३७५.० |
| ५९।२०७९।५।४ | ६ | २०७८।७९ | जगदिश प्रसाद पंडित | ६३७५.० |
| ६०।२०७९।५।४ | ६ | २०७८।७९ | गंभिरालाल प्रसाद | १९१२.० |
| ६१।२०७९।५।४ | ६ | २०७८।७९ | रामलाल ढाकुर बढई | ६३७५.० |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** | **९५६२५.०** |
| ३।२०७९।५।४ | ७ | २०७८।७९ | धनिफ मिँया मन्सुर | ५७२७५.० |
| ७।२०७९।५।४ | ७ | २०७८।७९ | सैफुल्लाह मिया अन्सारी | ४४६२५.० |
| ८।२०७९।५।४ | ७ | २०७८।७९ | श्यामराज गौतम | ४४६२५.० |
| १८।२०७९।५।४ | ७ | २०७८।७९ | वडा सदस्य रिता देवी साह | ४४६२५.० |
| ५४।२०७९।५।४ | ७ | २०७८।७९ | वडा सदस्य रवि शंकर साह कलवार | ४४६२५.० |
| ८३।२०७९।५।५ | ७ | २०७८।७९ | का पा सदस्य भवरीय देवी | १२७५०.० |
| | | | **जम्मा** | **२४८५२५.०** |
| १६।२०७९।५।४ | ८ | २०७८।७९ | कलावती देवी | ५७३७५.० |
| ५७।२०७९।५।४ | ८ | २०७८।७९ | वडा सदस्य शेषनाथ प्रसाद कानू | ५७३७५.० |
| | | | **जम्मा** | **११४७५०.०** |
| ५८।२०७९।५।४ | ९ | २०७८।७९ | शेशिला देवी लोहारिन | ४८८७५.० |
| ४२।२०७९।५।४ | ९ | २०७८।७९ | वडा सदस्य महन्थ महतो | ९६९००.० |
| ६७।२०७९।५।४ | ९ | २०७८।७९ | अख्तर आलम अन्सारी | ९५२००.० |

| | | | | |
|---|---|---|---|---|
| ९०।२०७९।५।५ | ९ | २०७८।७९ | वडा सदस्य भागमती देवी पासवान | ९६९००.० |
| ९१।२०७९।५।५ | ९ | २०७८।७९ | लछुमन चौधरी | ९६९००.० |
| | | | **जम्मा** | **४३४७७५**.० |
| १४।२०७९।५।४ | १२ | २०७८।७९ | लक्ष्मी साह तेली | ६३७५०.० |
| २०।२०७९।५।४ | १२ | २०७८।७९ | राजेश्वर प्रसाद केशरी | ५७३७५.० |
| ३२।२०७९।५।४ | १२ | २०७८।७९ | सुनिल कुमार कुशवाहा | ६३७५०.० |
| ३९।२०७९।५।४ | १२ | २०७८।७९ | सुमिन्ता देवी केशरी | ६३७५०.० |
| ६८।२०७९।५।४ | १२ | २०७८।७९ | राजेश्व प्रसाद केशरी | २१२५०.० |
| ८६।२०७९।५।५ | १२ | २०७८।७९ | वडा सदस्य गितादेवी पासवान | ६३७५०.० |
| | | | **जम्मा** | **३३३६२५**.० |
| ६६।२०७९।५।४ | १४ | २०७८।७९ | सुरेन्द्र प्रसाद जैसवाल | १९१२५.० |
| ७३।२०७९।५।४ | १४ | २०७८।७९ | हरिनारायण चौधरी | १९१२५.० |
| ७४।२०७९।५।४ | १४ | २०७८।७९ | मौजेलाल साह | १९१२५.० |
| ८७।२०७९।५।५ | १४ | २०७८।७९ | वडा सदस्य फुलपति देवी | १९१२५.० |

| | | | | |
|---|---|---|---|---|
| ८९।२०७९।५।५ | १४ | २०७८।७९ | वडा सदस्य रमाउती देवी | १९१२५.० |
| | | | **जम्मा** | **९५६२५.०** |
| ९४।२०७९।५।५ | १५ | २०७८।७९ | कयुम अंसारी | ५१०००.० |
| ४७।२०७९।५।४ | १५ | २०७८।७९ | का पा सदस्य गंगाजली दुसादिन | ३४०००.० |
| | | | **जम्मा** | **८५०००.०** |
| ३१।२०७९।५।४ | १६ | २०७८।७९ | शिलादेवी कुर्मीन | १४८७५.० |
| | | | **जम्मा** | **१४८७५.०** |
| २७।२०७९।५।४ | १७ | २०७८।७९ | वडा सदस्य गेनावती देवी कुर्मीन | ३१८७५.० |
| १७।२०७९।५।४ | १७ | २०७८।७९ | वडा सदस्य शम्भु प्रसाद यादव | ३४०००.० |
| ११।२०७९।५।४ | १७ | २०७८।७९ | सुगन्ध प्रसाद महतो कोईरी | ३८२५०.० |
| १२।२०७९।५।४ | १७ | २०७८।७९ | मन्जर देवान अन्सारी | ३४०००.० |
| १३।२०७९।५।४ | १७ | २०७८।७९ | वविता देवी पासवान | ३१८७५.० |
| | | | **जम्मा** | **१७००००.०** |
| ४९।२०७९।५।४ | १८ | २०७८।७९ | वडा सदस्य राजकुमार साह | ४८७७५.० |
| | | | **जम्मा** | **४८७७५.०** |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २८।२०७९।५।४ | १९ | २०७८।७९ | लतिफ मिँया ठकुराई | ८२८७५.० |
| ८८।२०७९।५।५ | १९ | २०७८।७९ | वडा सदस्य अलउद्धिन अन्सारी | ८२८७५.० |
| ६९।२०७९।५।४ | १९ | २०७८।७९ | सुनिता देवी | ८२८७५.० |
| ७५।२०७९।५।५ | १९ | २०७८।७९ | वडा सदस्य रिता देवी | ८२८७५.० |
| | | | **जम्मा** | **३३१५००.०** |
| ६३।२०७९।५।४ | २० | २०७८।७९ | नैना देवी चमईन | ७६५००.० |
| ६४।२०७९।५।४ | २० | २०७८।७९ | राम निवास प्रसाद साह | ७६५००.० |
| ७७।२०७९।५।५ | २० | २०७८।७९ | वडा सदस्य सहनाज बेगम | ७६५००.० |
| ७८।२०७९।५।५ | २० | २०७८।७९ | वडा अध्यक्ष महमद ईममुदिन | ७६५००.० |
| | | | **जम्मा** | **३०६०००.०** |
| ९।२०७९।५।४ | २१ | २०७८।७९ | इस्मान मिया अन्सारी | ३८२५०.० |
| ३०।२०७९।५।४ | २१ | २०७८।७९ | पल्टनिया देवी थरुनी | ४०३७५.० |
| ३३।२०७९।५।४ | २१ | २०७८।७९ | पुनदेव प्रसाद रौनियार | २३३७५.० |
| | | | **जम्मा** | **६३७५०.०** |

| | | | | |
|---|---|---|---|---|
| ३४।२०७९।५।४ | २२ | २०७८।७९ | वडा अध्यक्ष लाल वावु प्रसाद यादव | ४०३७५.० |
| ३५।२०७९।५।४ | २२ | २०७८।७९ | महेश भगत कोईरी | ४४६२५.० |
| १५।२०७९।५।४ | २२ | २०७८।७९ | शारदा देवी | ४४६२५.० |
| ४१।२०७९।५।४ | २२ | २०७८।७९ | वडा सदस्य प्रभावती देवी कनुइन | ४४६२५.० |
| ४८।२०७९।५।४ | २२ | २०७८।७९ | वडा सदस्य रमेश राम | ३८२५०.० |
| | | | **जम्मा** | **२१२५००.०** |
| ६५।२०७९।५।४ | २३ | २०७८।७९ | राम विनय साह तेली | ३८२५०.० |
| ८४।२०७९।५।५ | २३ | २०७८।७९ | वडा सदस्य वद्रु नेशा | ३८२५०.० |
| ८५।२०७९।५।५ | २३ | २०७८।७९ | वडा सदस्य चन्दा देवी सिह | ३८२५०.० |
| ९२।२०७९।५।५ | २३ | २०७८।७९ | विक्रम साह कानू | ३८२५०.० |
| | | | **जम्मा** | **१५३०००.०** |
| ६२।२०७९।५।४ | २४ | २०७८।७९ | रिना देवी गोसाई | ४६७५०.० |
| ७६।२०७९।५।५ | २४ | २०७८।७९ | वडा सदस्य जयश्री अधिकारी | ४६७५०.० |
| ७९।२०७९।५।५ | २४ | २०७८।७९ | वडा अध्यक्ष हिरालाल चौधरी | ३८२५०.० |

| | | | | |
|---|---|---|---|---|
| ८०।२०७९।५।५ | २४ | २०७८।७९ | वडा सदस्य फुलमति देवी धरुनी | ४६७५०.० |
| ८२।२०७९।५।५ | २४ | २०७८।७९ | वडा सदस्य लक्ष्मण प्रसाद यादव | ५१०००.० |
| | | | **जम्मा** | **२२९५००.०** |
| १०।२०७९।५।४ | २५ | २०७८।७९ | आनन्द पटेल | ३८२५०.० |
| २२।२०७९।५।४ | २५ | २०७८।७९ | वडा सदस्य शुशिला देवी दुसादिन | ३१८७५.० |
| १९।२०७९।५।४ | २५ | २०७८।७९ | सर्फु नेशा खातुन | ३१८७५.० |
| ५०।२०७९।५।४ | २५ | २०७८।७९ | वडा सदस्य धर्मराज दुवे | ३६१२५.० |
| ५२।२०७९।५।४ | २५ | २०७८।७९ | वडा अध्यक्ष राजेन्द्र प्रसाद स्वर्णकार | ३६१२५.० |
| | | | **जम्मा** | **१७४२५०.०** |
| ४।२०७९।५।४ | २६ | २०७८।७९ | राम लाल प्रसादा साह तेली | ४८८७५.० |
| ५।२०७९।५।४ | २६ | २०७८।७९ | महेश शाह | ४८८७५.० |
| ६।२०७९।५।४ | २६ | २०७८।७९ | दिलजान मिँया धोवी | ४४६२५.० |
| | | | **जम्मा** | **१४२३७५.०** |
| ३८।२०७९।५।४ | २७ | २०७८।७९ | वडा सदस्य सित देवी राम | ५७३७५.० |

| | | | | |
|---|---|---|---|---|
| ४६।२०७९।५।४ | २७ | २०७८।७९ | वडा सदस्य तारा मुनी देवी | ५५२५०.० |
| ७०।२०७९।५।४ | २७ | २०७८।७९ | राम्भा देवी सहनी | ५९५००.० |
| ७१।२०७९।५।४ | २७ | २०७८।७९ | गणेश प्रसाद यादव | ४८८७५.० |
| ७२।२०७९।५।४ | २७ | २०७८।७९ | ईद्रिश मिँया | ५९५००.० |
| | | | **जम्मा** | २८०५००.० |
| | | | **कूल जम्मा** | ४२३८११२.० |

| | |
|---|---|
| अनियमित भएको | ४२,३८,११२ |

३५ **विल भरपाई** - १६२७-२०८०।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राखुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले कर्मचारीको नगद सम्मान कार्यक्रममा भुक्तानी गरेको रु.११५०००.० को भरपाई संलग्न नभएको साथै समग्र खर्च रु.५९५६२२.० मध्ये रु.१८३९४.० बराबरको विल भरपाई संलग्न नभएकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,३९४ |

३६ **विविध / खाजा खर्च —** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष विविध शिर्षक अर्न्तगत मतदाता शिक्षा कार्यक्रम, जग्गा बर्गीकरण, नगरपालिका संघको सदस्यता शुल्क, स्वागत गेट पण्डाल, अतिथि सत्कार, सरसफाई कर्मीको रेनकोट खरिद, वडा संचालन लगायतका कार्यक्रम तर्फ रु १ करोड ७५ लाख खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु ४,८१,७६,६८१.० को तुलनामा ३६.३२ प्रतिशत रहेको देखिन्छ ।पालिकाले २७ वटै वडामा विविध खर्च गरेको पाइयो। यस्तो खर्च खाना खाजा लगायत माथि उल्लेखित शिर्षकहरुमा खर्च हुने गरेको छ। यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता

कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **सम्मान कार्यक्रम गैरसरकारी संस्थामार्फत गराएको —** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण ,सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरतो ,प्रभावकारी र मितव्ययी हुने भएमा मात्र सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।पालिकाले देहाय वमोजिमका सामान खरिद गरी वितरण एवं सम्मान गर्ने कार्यक्रम समेत गैरसरकारी संस्थाबाट गराउने गरेको देखियो ।यसरी गैर सरकारी संस्था मार्फत सामान खरिद गरी वितरण गर्दा गैर सरकारी संस्थाहरुको कुनै योगदान हुने गरेको देखिएन । सम्मान गर्नु पर्ने रकमबाट लक्षितका लागि खर्च नगरी अन्यत्र नै वढी रकम खर्च गर्ने गरेको समेत देखियो ।साथै गैर सरकारी संस्थाहरुले सामान खरिद गर्दा सार्वजनिक खरिद कानूनको पालना गरेको समेत देखिदैन । यसरी सार्वजनिक खरिद कानूनको पालना गरी सामान खरिद गरी पालिकाबाट नै सम्पादन हुनु पर्ने वितरणका कामहरु गैर सरकारी संस्था मार्फत गर्नु उचित देखिएन । यस्तो प्रकृयाबाट कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| **भौ.न. मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ६८०- २०८०।१०।५ | जेष्ठ नागरिक एकल महिला तथा अपाङ्ग सम्मान कार्यक्रम वडा न २३(झुल र दोसल्ला वितरण) | युवा जनशक्ति नेपाल | १,४९,१६० |
| ५२९- २०७९।११।०८ | गर्भवतीलाई झुल अण्डा गेडागुडी वितरण वडा न ६ | सेभ लाईफ फाउण्डेशन नेपाल | २,९८,८८५ |
| ५८७- २०७९।११।२८ | विद्यार्थीहरुलाई जुता टाई बेल्ट ब्याग वितरण | युवा समाज विकाश केन्द्र | ७,४४,९९९.९६ |
| जम्मा | | | ११,९३,०४४.९६ |

सैद्धान्तिक बेरुजु

३८ **यस वर्षको अनुगमन भत्ता-** मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८ अनुसार पदाधिकारी तथा सदस्यले स्थानीय तहले संचालन गरेको आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा तीन पटक सम्मको अनुगमन भत्ता दिने व्यवस्था छ ।पालिकाले माथि उल्लेखित ऐन भन्दा बढी योजना अनुगमन भत्ता रु.१७८५००। देहायका पदाधिकारी र कर्मचारीहरुलाई भुक्तानी गरेको देखियो ।अत बढी भुक्तानी भएको रकम सम्वन्धित कर्मचारी तथा पदाधिकारीबाट असूल गर्नुपर्ने रु.

| **भौ न मिति** | **नाम** | **पद** | **अनुगमन संख्या** | **अनुगमन भत्ता दर** | **कर कट्टी पछी भुक्तानी** |
|---|---|---|---|---|---|
| १३७६-२०८०।२।१२ | रौशन परविन | नगर उप प्रमुख | १५ | २५०० | |
| १५८९-२०८०।३।२२ | रौशन परविन | नगर उप प्रमुख | १८ | २५०० | |
| ७३६-२०७९।९।२४ | रौशन परविन | नगर उप प्रमुख | १५ | २५०० | |
| ९१५-२०७९।११।११ | रौशन परविन | नगर उप प्रमुख | ११ | २५०० | |
| | | **अनुगमन संख्या** | **५७** | | |
| | | **बढी भुक्तानी** | **२३** | **२५००** | **४८८७५** |
| १३७६-२०८०।२।१२ | ललिता देवी | | १५ | २५०० | |
| १५८९-२०८०।३।२२ | ललिता देवी | | १७ | २५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३६-२०७९।९।२४ | ललिता देवी | | १५ | २५०० | |
| ९१५-२०७९।११।११ | ललिता देवी | | ११ | २५०० | |
| | | **अनुगमन संख्या** | **५८** | | |
| | | **वढी भुक्तानी** | **२२** | **२५००** | **४६७५०** |
| १३७६-२०८०।२।१२ | उदित कु साह कानु | | १३ | २५०० | |
| १५८९-२०८०।३।२२ | उदित कु साह कानु | | १८ | २५०० | |
| ९१५-२०७९।११।११ | उदित कु साह कानु | | ६ | २५०० | |
| | | **अनुगमन संख्या** | **३७** | | |
| | | **वढी भुक्तानी** | **१** | **२५००** | **२१२५** |
| १३७६-२०८०।२।१२ | नाथु साह | प्र प्र अ | १५ | २५०० | |
| १५८९-२०८०।३।२२ | नाथु साह | प्र प्र अ | १८ | २५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३६-२०७९।९।२४ | नाथु साह | प्र प्र अ | ११ | २५०० | |
| ९१५-२०७९।११।११ | नाथु साह | प्र प्र अ | ११ | २५०० | |
| | | **अनुगमन संख्या** | ५५ | | |
| | | **वढी भुक्तानी** | १९ | **२५००** | **४०३७५** |
| १५८९-२०८०।३।२२ | मुस्ताक अंसारी | योजना प्रमुख | १८ | २५०० | |
| ७३६-२०७९।९।२४ | मुस्ताक अंसारी | योजना प्रमुख | ११ | २५०० | |
| १३७६-२०८०।२।१२ | मुस्ताक अंसारी | योजना प्रमुख | १५ | २५०० | |
| ९१५-२०७९।११।११ | मुस्ताक अंसारी | योजना प्रमुख | ११ | २५०० | |
| | | **अनुगमन संख्या** | ५५ | | |
| | | **वढी भुक्तानी** | १९ | **२५००** | **४०३७५** |
| | | **कूल जम्मा** | | | **१७८५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७८,५०० |

३९ **आमन्त्रित सदस्य अनुगमन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (४)(ख) मा योजना तथा कार्यक्रको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने काम कर्तव्य र अधिकार नगर उपप्रमुखलाई दिएको छ ।त्यसका लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७७ को दफा ८ मा पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थनीय तहले संचालन गरेका आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा तीन पटक सम्मको अनुसूची बमोजिमको अनुगमन भत्ता पाउने व्यवस्था छ ।पालिकाले अनुगमन सुपरिवेक्षण समिति गठन गर्दा नै लेखा शाखा प्रमुख, प्राविधिक, योजना विभाग, महाशाखा, ईकाई र आमन्त्रित सदस्यमा नवीन कुमार पौडेल राखी भुक्तानी गरेको पाईयो ।आमन्त्रित सदस्य नवीन कुमार पौडेललाई आमन्त्रण गर्नुपर्नाको कारण पालिकाले खुलाएको छैन । नियमित रुपमा संचालन हुने सबै अनुगमनको काममा आमन्त्रित सदस्य राख्ने कार्य उचित देखिएन । अनुगमनमा सहभागी भएका पदाधिकारीलाई मात्र नियमानुसार अनुगमन भत्ता दिन मिल्दछ । तर पालिकाले कर्मचारीलाई आमन्त्रित सदस्य राखी सवै अनुगमनमा संलग्न भएको उल्लेख गरी भत्ता भुक्तानी दिएको छ ।आमन्त्रित सदस्य राख्ने कार्यमा नियन्त्रण गर्दै हालसम्म भुक्तानी दिएको देहायको भत्ता सम्वन्धितबाट असुल गर्नु पर्ने रु.

| **भौ न मिति** | **नाम** | **पद** | **अनुगमन संख्या** | **अनुगमन भत्ता दर** | **कर कट्टी पछी भुक्तानी** |
|---|---|---|---|---|---|
| १३७६-२०८०।२।१२ | दिव्या सर्राफ | लेखा अधिकृत | १३ | २५०० | |
| १५८९-२०८०।३।२२ | दिव्या सर्राफ | लेखा अधिकृत | १८ | २५०० | |
| ९१५-२०७९।११।११ | दिव्या सर्राफ | लेखा अधिकृत | ११ | २५०० | |
| ७३६-२०७९।९।२४ | दिव्या सर्राफ | लेखा अधिकृत | ११ | २५०० | |
| | | **अनुगमन संख्या** | **५३** | **२५००** | **११२६२५** |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३६-२०७९।९।२४ | नवीन कुमार पौडेल | सहायक स्तर पाँचौ | १५ | २५०० | |
| ९१५-२०७९।११।११ | नवीन कुमार पौडेल | सहायक स्तर पाँचौ | ११ | २५०० | |
| १३७६-२०८०।२।१२ | नवीन कु पौडेल | सहायक स्तर पाँचौ | २ | २५०० | |
| | | **जम्मा** | **२८** | **२५००** | **५९५००** |
| १३७६-२०८०।२।१२ | निरन्जन कुमार साह | सहायक स्तर पाँचौ | १३ | २५०० | |
| १५८९-२०८०।३।२२ | निरन्जन कुमार साह | सहायक स्तर पाँचौ | १८ | २५०० | |
| | | **जम्मा** | **३१** | **२५००** | **६५८७५** |
| | | **कूल जम्मा** | | | २३८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८,००० |

४० **बढी दरले बैठक भत्ता भुक्तानी** - १२०५-२०८०।१।१४ र १२०७-२०८० १।१५ अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को दफा ७.१.२ अनुसार बैठक भत्ता बढीमा रु.१५००.० का दरले दिन सकिने व्यवस्था छ । पालिकाले देहायका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई रु.१५००.०

का दरले भत्ता भुक्तानी दिनुपर्नेमा बढी दरले भुक्तानी दिएको देखियो ।बढी दर उल्लेख गरी भुक्तानी भएको रु. सम्वन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.

| **नाम** | **पद** | **बैठक संख्या** | **भत्ता दर** | **भुक्तानी हनुपर्ने भत्तादर** | **बढि भुक्तानी कर कट्टी पछि** |
|---|---|---|---|---|---|
| **व्यवसायी इजाजतपत्र जाँचबुझ समितिको** बैठक | | | | | |
| दिव्या सर्राफ | लेखा अधिकृत | २ | २५०० | १५०० | १७०० |
| मुस्ताक अंसारी | योजना प्रमुख | ५ | २५०० | १५०० | ४२५० |
| माधव प्र यादव | इन्जिनियर | ३ | २५०० | १५०० | २५५० |
| राज कुमार साह | इन्जिनियर | ५ | २५०० | १५०० | ४२५० |
| दिवाकर झा | अधिकृत छैठौं | ५ | २५०० | १५०० | ४२५० |
| तैयव अंसारी | सहायक पाँचौ | ५ | २५०० | १५०० | ४२५० |
| | | | | **जम्मा** | **२१२५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२५० |

४१ **प्रमाण पेश गर्नुपर्ने-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल ,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले निम्न गोश्वारा भौचरहरुबाट खर्च लेखिएकोमा गोश्वारा भौचरसाथ खर्चलाई पुष्टयाई गर्ने आवश्यक कागजात संलग्न नरहेको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ न मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ७६८-२०८०।२।२ | रामराजा बहुमुखी क्याम्पसको लागि अनुदान | रामराजा बहुमुखी क्याम्पस कलैया | १०००००० | सम्झौता अनुसार खर्च भएको प्रमाण पेश गर्नुपर्ने |
| ५२५-२०७९।११।२ | विद्यालयलाई अनुदान | तपी मावि भोडाहा | ३००००० | सम्झौता अनुसार खर्च भएको प्रमाण पेश गर्नुपर्ने |
| ७१६-२०८०।१।१५ | खेलकुद सामाग्री खरिदको लागि अनुदान | ७० विद्यालयको खातामा | ५७२५०० | खेलकुद सामाग्री खरिद गरी विद्यालयले आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने |
| **पालिका चालुतर्फ-** | | | | |
| ८२४-२०७९।११।२ | विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप संचालन | ७३ विद्यालयको खातामा | ४९८८०० | विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन भएको प्रमाण पेश गर्नुपर्ने |
| १४७८-२०८०।३।१० | स्नातक तहमा अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति | रामराजा बहुमुखी क्याम्पस | २००००० | सम्झौतामा भएको व्यवस्था अनुरुप छात्रवृत्ति वितरण गरेको प्रमाण पेश गर्नुपर्ने |
| | | जम्मा | २५७१३००.० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,७१,३०० |

## ४२ संघीय चालु तर्फ

४२.१ **महिला स्वास्थ्य स्वयंसेविका यातायात खर्च—** ३७१-२०८०।३।२३ स्थानीय सरकार संचालन ऐन,२०७४ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई नेपाल सरकार शसर्त बजेट शिर्षकबाट मासिक रु.१०००.० दरले यातायात भत्ता भुक्तानी दिने व्यवस्था भएकोमा पालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई २०७९ को दोस्रो चौमासिकको यातायात खर्च भुक्तानी गर्दा देहाय अनुसार रु.१५००.० का दरले यातायात खर्च भुक्तानी दिएको देखियो । बढी भुक्तानी भएको रु.३६०००.० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| **स्वास्थ्य स्वयंसेविकाको नाम** | महिना | भुक्तानी दर १५०० मध्ये रु.१००० भुक्तानी गरी बांकी असुल गर्नुपर्ने | जम्मा असुल गर्नुपर्ने |
|---|---|---|---|
| मुनि भण्डारी | ४ | ५०० | २०००.० |
| बेबि कुमारी | ४ | ५०० | २०००.० |
| सोनि कुमारी साह | ४ | ५०० | २०००.० |
| बबिता देवि कानू | ४ | ५०० | २०००.० |
| लक्ष्मी शर्मा दाहाल | ४ | ५०० | २०००.० |
| रिमा जयसवाल | ४ | ५०० | २०००.० |
| शोभा कुमार गुप्ता | ४ | ५०० | २०००.० |

| | | | |
|---|---|---|---|
| अजिता देवी ढकाल | ४ | ५०० | २०००.० |
| बेन्जु नेपाल | ४ | ५०० | २०००.० |
| अपसाना प्रावण | ४ | ५०० | २०००.० |
| सन्जु देवी कुशवाहा | ४ | ५०० | २०००.० |
| साकना खातुन | ४ | ५०० | २०००.० |
| विद्यापति तिवारी | ४ | ५०० | २०००.० |
| हुल्सी आया | ४ | ५०० | २०००.० |
| सावित्री गिरी | ४ | ५०० | २०००.० |
| मन्जु देवी पटेल | ४ | ५०० | २०००.० |
| नर जुहान खातुन | ४ | ५०० | २०००.० |
| मन्नुतर देवी चौधरी | ४ | ५०० | २०००.० |
| | | **जम्मा** | **३६०००.०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

४२.२ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी

हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघिय सशर्त चालु र उपमहानगरपालिका चालु बजेट उप शिर्षकबाट मेडिगोल्ड इन्टरनेशनल प्रा लि संग रु ५५,०४,०४८.० को बोलपत्रको माध्यमबाट औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४३ **सामी परियोजना** - बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकार बीचको द्धिपक्षीय सम्झौता बमोजिम सन्चालन हुने सुरक्षित आप्रवासन (सामी) कार्यक्रम बिगत वर्षदेखि संचालन हुंदै आएको छ ।यस परियोजनाको लागि यस वर्ष ६६ लाख बजेट विनियोजन भएकोमा रु.५१,९६,५६५.१४ खर्च भएको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

४३.१ **संस्थागत शिरोभार खर्च—** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ अनुसूचि १ (क) मा व्यवस्थापन खर्च भनि कुल लागत रकमको ४ प्रतिशत दिन पाउने व्यवस्था छ । पालिकाले सामि परियोजनाको लागि दलित जनजाति उत्थान केन्द्र संग तिन पटक सम्द्यौता गर्दा संस्थागत शिरोभार खर्च रु.८८३३७५.० दिएको छ । जुन सम्झौता रकमको १४.०९ प्रतिशत हुने देखिन्छ ।अत नियमावली भन्दा बढि भुक्तानी भएको रकम रु ६३२७७१.६४ सम्बन्धित संस्थाबाट असूल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६,३२,७७१.६४ |

४३.२ **सस्थाको छनौट—** नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (नीति, योजना, अनुगमन तथा मुल्यांकन शाखा) को चलान नम्वर २१३ र मिति २०७९।३।०८ को पत्रानुसार तेस्रो चरणको समयावधि २ वर्ष थप भई २०७९ श्रावण १ गते देखि २०८१ आषाढ ३१ गतेसम्म कायम भए पश्चात सेवा प्रदायक संस्था छनौटको लागि आवश्यक प्रक्रिया शुरु नगरी विगत देखि नै कार्यरत संस्था दलित जनजाति उत्थान केन्द्रलाई नै अर्को व्यवस्था नहुन्जेल ४ महिनाको लागि निरन्तरता दिएपछि मात्र सेवा प्रदायक संस्था खरिदको लागि २०७९।५।७ र पुन प्रकाशन २०७९।५।२३ मा सूचना प्रकाशन गरे तापनि समयमा छनौट प्रक्रिया अगाडी बढाई पुन सोही संस्थासंग २०७९।८।१ देखि २०७९।११।३० सम्म सम्झौता गरेको देखियो ।२०७९।१०।६ मा मात्र मुल्यांकन समितिले आफ्नो कार्य अगाडि बढाएको र प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्यांकनबाट पुन सोही संस्था छनौट भई तेस्रो सम्झौता २०८०।१।१ देखि २०८०।३।३१ सम्म भएको देखियो । खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार समयमा सेवा प्रदायक संस्था छनौट गरी लक्षित उद्देश्य हासिल गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४४ **प्रशिक्षक भत्ता बढी भुक्तानी**

५२४ -२०७९।११।०२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राखुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकामा २०७९।१०।११-२०७९।१०।१५ सम्म युवा शक्ती नेपाल, कलैया, बाराबाट संचालन गरेको परिवार नियोजन, बन्ध्याकरण, पाठेघर सम्वन्धी सचेतनामुलक कार्यक्रममा दैनिक ४ वटाको दरले १६ वटा कक्षा संचालन भएकोमा ३२ वटा कक्षाको प्रशिक्षक भत्ता भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.१९०४०.० असूल गर्नुपर्ने रु.

| प्रशिक्षकको नाम | भुक्तानी भएको प्रशिक्षक भत्ता संख्या | हुनुपर्ने | बढी कक्षा संख्या | दर | असुल गर्नुपर्ने रकम कर कट्टा पछिको रकम |
|---|---|---|---|---|---|
| निभा सिंह | १६ | ८ | ८ | १४०० | ९५२०.० |
| प्रमोद त्रिपाठी तिवारी | १६ | ८ | ८ | १४०० | ९५२०.० |
| **जम्मा** | | | | | **१९०४०** |

| असुल गर्नुपर्ने | १९,०४० |
|---|---|

४५ **नतिजामा आधारित प्रोत्साहत कार्यकम** - व्यवस्थापकिय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनोटका आधार २०७९ बमोजिम प्रत्येक निर्वाचन क्षेत्रबाट एक विद्यालय र महानगरपालिका र उपमहानगरपालिका भित्रबाट थप २ विद्यालय शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएको कार्यसम्पादन परीक्षणबाट उच्चतम अंक प्राप्त गरेका विद्यालय छनोट गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उल्लेखित शिर्षकमा देहायका विद्यालयहरुलाई रु.१५,००,०००.० निकासा दिएको देखियो ।पालिकाले कार्यक्रम कार्यान्वयनको अनुगमन मुल्याकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा रकम** |
|---|---|---|
| १. | श्री सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालय | ५,००,०००.० |

| | | |
|---|---|---|
| २. | श्री पन्नादेवी कन्या मा.वी | ५,००,०००.० |
| ३. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कलैया ६ | ५,००,०००.० |
| | **जम्मा** | **१५,००,०००.०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

४६ **शिक्षक तलव निकासा** - ११- २०७९।०६।०२ सामुदायिक विद्यालयका शिक्षकहरुलाई चौमासिक तलव निकासा गर्दा विद्यालयको स्वीकृत दरवन्दी, विद्यालयले पेश गरेको चौमासिक तलव माग फारमको आधारमा तलव अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।विद्यालयले निम्न विद्यालयका शिक्षकहरुलाई चौमासिक तलव निकासा गर्दा कैफियतामा उल्लेखित व्यहोरा अनुरुप रु.४,६५,३५५.० बढी तलव निकासा भएकोले सम्वन्धित विद्यालयहरुबाट असूल गरी संचित कोष दाखिला हुनुपर्ने रु.

| **विद्यालयको नाम** | **निकासा भएको रकम** | **निकासा हुनुपर्ने रकम** | **बढी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कलैया (मदर्सा) | २०२३५८.० | ३०,०५०.० | १,७२,३०७.० | मा.वी शिक्षक लक्ष्मीप्रसाद शाह २०७९।५।१४ बाट अवकास भएकोले भाद्र महिनाको १४ दिनको मात्र तलव निकासा दिनुपर्नेमा भाद्र, असोज र चाडपर्व समेत निकासा भएकोले |
| " " " | २,१३,१७२.० | १००२०.० | २०३१५२ | मा.वी शिक्षक हाकिम मिया अंसारी २०७९।०९।०६ देखि अवकास भएकोले पौष |

| | | | | |
|---|---|---|---|---|
| | | | | महिनाको ५ दिनको मात्र तलव निकासा दिनुपर्नेमा पौष, माघ, फागुन र चैत्र महिनाको पोशाक समेतको निकासा भएकोले |
| नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ककडी परसौन, बारा | १०१५८६ | ११६९०.० | ८९,८९६.० | मा वी शिक्षक प्रमोद पौडेल २०७९।१०।०७ देखि अवकास भएकोले माघ महिनाको ६ दिनको मात्र तलव निकासा दिनुपर्नेमा माघ र फागून महिना पुरैको तलव निकासा भएको |
| | | जम्मा | ४,६५,३५५.० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६५,३५५ |

४७ **समानीकरण अनुदानबाट शिक्षकको तलव भत्ता** - ३६-२०८०।३।१३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानिय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दि भित्र नपरेका विद्यालयहरुको निजी शिक्षकहरुलाई वित्तिय समानिकरण अनुदानबाट रु..४७७०००० तलव भत्ता भुक्तानी गरेको पाइयो । साथै पालिकाले करार भर्ना सम्बन्धि पदपुर्ति प्रक्रिया नगरी निजी शिक्षक नियुक्त गरेको छ । स्वीकृत दरवन्दी भन्दा बाहिरका शिक्षकहरुलाई तलब भुक्तानी आन्तरिक स्रोत व्यवस्थापन गरी खर्च गर्नुपर्दछ।

| भौ .नं र मिति | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| ७२२-२०८०।०१।१९ | श्री राधाकृष्ण आधारभूत विद्यालय | १२००००.० |
| ३९९-२०७९।८।२६ | श्री राजदेवी क्लव प्राथमिक विद्यालय | १०००००.० |
| " " " | श्री दुर्गा उच्च मा.वी | ६०००००.० |
| " " " | श्री नेपाल राष्टिय निम्न माध्यमिक विद्यालय | ५०००००.० |
| ४०५-२०७९।०८।२६ | गिनी आधारभूत विद्यालय | १०००००.० |
| ४००-२०७९।०८।२६ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सिसहनिया | ६५००००.० |
| ३७७-०७९।८।१३ | श्री नेपाल राष्टिय माध्यमिक विद्यालय, सिसवा, महेशपुर | ९३००००.० |
| ७२२-२०८०।१।१९ | श्री राधाकृष्ण आवी | १२००००.० |
| ७६५.२०८०।२।१ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, वसतपुर | ८०००००.० |
| ७६९-२०८०।२।२ | श्री रामजानकी प्रा.वी, सखुई | १५००००.० |
| ७७०.०८०।२।२ | नेपाल राष्ट्रिय अधारभूत विद्यालय, विजलपुर | २०००००.० |
| ४५३.०७९।९।२१ | बैद्धीमाई आधारभूत विद्यालय, सिसहनिया | ३०००००.० |

| | | |
|---|---|---|
| ६०७-०७९।१२।१० | सरस्वती आवी ,पर्ताटोल | २००००.० |
| | **जम्मा** | **४७७००००.०** |

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान — २८३।२०८०।३।१०, २८५-२०८०।३।११ शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३ मा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिन व्यवस्था छ । शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान प्रति विद्यालय रु.५००००.० र उत्कृष्ट सिकाई उपलव्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि प्रोत्साहन अनुदान तर्फ प्रति विद्यालय रु.२,००,०००.०, विज्ञान प्रयोगशाला र पुस्तालयको लागि प्रति विद्यालय रु.६,५०,०००.० का दरले देहाय अनुसार रु.५०,००,०००.० निकासा भएको देखिन्छ ।विद्यालयहरुमा अनुदान रकम निकासा भएको अनुदान रकमबाट भएको खर्चको विल भरपाई तथा सो कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| **सि.नं** | **विद्यालयको नाम** | **कार्यक्रमको नाम** | **अनुदान रकम** |
|---|---|---|---|
| १. | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, रामपुर | कार्य सम्पादनमा आधारित अनुदान | ५०,०००.० |
| २. | श्री महाविर नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, ब्रम्हपुरी | " " " | ५०,०००.० |
| ३. | श्री नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय, कलैया | " " " | ५०,०००.० |
| ४. | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया ६ | " " " | ५०,०००.० |

| | | | |
|---|---|---|---|
| ५. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, वधवन | " " " | ५०,०००.० |
| ६. | श्री दुर्गा माध्यमिक विद्यालय | प्रोत्साहन अनुदान | २,००,०००.० |
| ७. | श्री नमूना माध्यामिक विद्यालय, कलैया .१ | विज्ञान प्रयोगशाला | ६,५०,०००.० |
| ८. | श्री तपी माध्यामिक विद्यालय, भोडाहा | विज्ञान प्रयोगशाला | ६,५०,०००.० |
| ९. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, रामपुर | विज्ञान प्रयोगशाला | ६,५०,०००.० |
| १०. | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, बलिरामपुर | पुस्तकालय | ६,५०,०००.० |
| ११. | श्री जनता माध्यमिक विद्यालय | पुस्तकालय | ६,५०,०००.० |
| १२. | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया,६ | पुस्तकालय | ६,५०,०००.० |
| १३. | नेपाल राष्ट्रिय आधारभूत विद्यालय, बकुलहर | पुस्तकालय | ६,५०,०००.० |
| | **जम्मा** | | **५०,००,०००.०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

४९ **निशुल्क पाठ्यपुस्तक अनुदान** - २२३।२०८०।०२।०४ कार्यक्रम कार्यान्वयन पुस्तिका ,२०७९।८० अनुसार सामुदायिक विद्यालयका विद्याथीहरुको लागि पाठ्यपुस्तकको लागि अनुदान उपलव्ध गराउंदा IEMIS मा अद्यावधिक विद्याथी संख्यालाई सम्वन्धित विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन गराई अनुदान दिनुपर्ने व्यवस्था छ ।पालिकाले पाठ्यपुस्तक खरिदका लागि

रु.१,५८,०५,६७४.४० अनुदान निकासा दिएकोमा पाठ्यपुस्तक खरिद गरेको विल र विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई लेखापरीक्षणमा पेश नभएकोले पेश गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **छात्रवृत्ती अनुदान** - २१३-२०८०।०२।०१ शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा EMIS मा प्रविष्टि भएका संख्यालाई सत्यापन भरी बिद्यार्थी संख्या एकिन गरेर मात्र छात्रवृत्ति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्रहरुलाई गैर आवासिय छात्रवृत्ति वितरणका लागि यस वर्ष रु.५२,२१,२००.० निकासा पठाएकोमा विद्यार्थीहरुले छात्रवृत्ती अनुदान प्राप्त गरेको भरपाई लेखापरीक्षणमा पेश भएन । अत : सम्वन्धित विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गरेको भरपाई पेश गर्नपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,२१,२०० |

५१ **दिवा खाजा** - १६-२०९।०६।०९ पालिकाले यो वर्ष तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत प्रति विद्यार्थी रु.१५।- का दरले रु.४,७२,१७,८४३.० विद्यालयहरुमा निकासा गरेको छ ।उपमहानगरपालिकाले विद्यालयबाट पठाएको दैनिकी अभिलेखलाई प्रमाणित गर्ने आधारको रुपमा रहेको विद्यालयको विद्यार्थीहरुको दैनिकी हाजिर माग गरी सो हाजिरीसंग दिवा खाजा माग गर्दा पेश गरेको अभिलेख भिडान गरी ठिक भए नभएको एकिन गरेर मात्र दिवा खाजाको रकम निकासा गर्नुपर्नेमा विद्यालयहरुले इमिसमा उल्लेखित विद्यार्थी संख्यालाई आधार मानी दिवा खाजा निकासा गरेको पाइयो । लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा विद्यालयहरुले दिवा खाजाको लागि आवश्यक सामाग्री खरिद गरेको विलभरपाई केही विद्यालयको मात्र संलग्न गरेको, दुई वटा विद्यालयले निर्देशिका विपरित दिवा खाजा नगदै वितरण गरेको, विद्यार्थीको उपस्थिति प्रमाणित गर्ने हाजिरी पेश नभएको जस्ता कैफियतहरु देखिएका छन्। जसले गर्दा बास्तविक विद्यार्थीको संख्याको आधारमा दिवा खाजा निकासा भए नभएको सम्वन्धमा यकिन गर्न नसकिएकोले यस सम्वन्धमा पालिकाले थप विश्लेषण गरी दिवाखाजा वापत निकासा भएको रकमको सहि सदुपयोग भए नभएको सम्वन्धमा यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **बजेट फ्रिज नगरी विविध खातामा ट्रान्सफर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(७) मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षकको हकमा बाहेक अन्य बजेट शिर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का व्यवस्थापन प्रक्रिया समयमा नगर्दा स्यानिटरी प्याड खरिद बापत भुक्तानी दिनुपर्ने रु.३५,४९,९३७.२२(मुल्य अभिवृद्धि कर समेत) भुक्तानी हुन नसकेको कारण बजेट फ्रिज नगर्ने उद्देश्यले सशर्त चालु शिर्षकबाट आर्थिक वर्षकको अन्त्यमा नगरपालिका विविध खातामा ट्रान्सफर गरी राखेको देखियो ।यसरी आर्थिक वर्षको अन्त्यमा खर्च नभई बांकी रहेको रकम संघिय संचित कोषमा फिर्ता

गर्नुपर्नेमा विविध खर्च खातामा ट्रान्सफर गरेको नियमित नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ३५,४९,९३७.२२ |

५३ **स्यानिटरी प्याड खरिद** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत यस वर्ष स्यानिटरी प्याड खरिदको लागि रु.५२,०७,०००.० बजेट विनियोजन भएकोमा दोस्रो चौमासिकको अन्त्य तिर मात्र खरिद प्रक्रिया शुरु गरेको देखियो ।बजारबाट दररेट माग गर्दा धेरै मंहगो दर पेश भएको भनी गत वर्ष खरिद भएको दरमानै १० प्रतिशत थप गरी लागत अनुमान तयार गरी खरिद प्रक्रिया अगाडी बढाएको देखियो ।बोलपत्रको माध्यमबाट छनौट भएको एन्जल टच हाईजिन म्यानुफयाक्चरिङ्ग प्राली संग आर्थिक वर्षको अन्त्यतिर २०८०।३।१७ मा १४४६३८ प्याकेट स्यानिटरी प्याड खरिदको लागि रु.३५,४९,९३७.२२(मुल्य अभिवृद्धि कर समेत) मुल्यमा सम्झौता भएको देखिन्छ ।तत्पश्चात कम्पनीबाट पेश भएको नमूना र आपूर्ती भएको स्यानिटरी प्याडको गुणस्तरमा भिन्नता (पेश भएको नमुना र आपुर्ति भएको स्यानिटरी प्याड मा बराबर परिमाणमा ३।३ पटक INK राखेर हेर्दा नमुना स्यानिटरी प्याडको पछाडी पट्टि अल कम INK बाहिर देखिएको र आपूर्ति भएको स्यानिटरी प्याड मा पछाडी पट्टी बढी नै INK बाहिर देखा परेको ) देखिएको कारण पालिकाले परीक्षणको लागि नेपाल गुणस्तर तथा नाप तौल विभागमा पठाएको देखियो । पालिका आफैले कैफियत देखाएको विषय नसच्याई नेपाल गुणस्तर तथा नाप तौल विभागबाट प्राप्त प्रतिवेदनलाई समेटेर मिति २०८०।५।१८ मा स्वास्थ्य शाखाले दिएको प्रतिवेदनको आधारमा खरिद भएको १४४६३८ पकेट मध्ये १२६४२० पकेट विद्यालयहरुलाई वितरण गरी १८२१८ प्याकेट मौज्दात नै राखेको देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै आवश्यक परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण र गुणस्तरका प्याड खरिद गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५४ **परम्परागत विद्यालय अनुदान -** परम्परागत विद्यालय अनुदान—२०८०-३।७ शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुंच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमको लागि दरवन्दी शिक्षक नभएका परम्परागत मदर्शा, गुम्वा, गुरुकुल जस्ता विद्यालयको सन्चालन र व्यवस्थापनको लागि परम्परागत विद्यालय अनुदान दिने व्यवस्था छ । परम्परागत अनुदान तर्फ प्रति विद्यालय रु.२,४१,०००.० का दरले देहाय अनुसार रु.१६,८७,०००.० निकासा भएको देखिन्छ ।विद्यालयहरुमा अनुदान रकम निकासा भएको अनुदान रकमबाट भएको खर्चको विल भरपाई तथा सो कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| **सि.नं** | **विद्यालयको नाम** | **अनुदान रकम** |
|---|---|---|

| | | |
|---|---|---|
| १. | मदर्सा तालिमुल कुरआन, मझौलिया | २४१०००.० |
| २. | मदर्सा ईस्लामहुल मुसेलेमिन मदिल्वा | २४१०००.० |
| ३. | मदर्सा सल्फिया कन्जुल उलुम रंगपुर | २४१०००.० |
| ४. | मदर्सा अरबिया असरफुल उलुम, शितलपुर | २४१०००.० |
| ५. | नेपाल यतिन खाना ईस्लामिया , रघुनाथपुर | २४१०००.० |
| ६. | मदर्सा ईस्लामिया बहरुल उलुम | २४१०००.० |
| ७. | मदर्सा सल्फिया दारुल ईस्लाम , रामपुर | २४१०००.० |
| | जम्मा | **१६८७०००.०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,८७,००० |

## ५५ शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **सि.नं** | **विद्यालयको नाम** | विद्यार्थी संख्या IEMIS, 2079 | शिक्षकदरबन्दि संख्या | राहत | करार | पदपूर्ती संख्या (दरबन्दि र राहत) | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १. | ने.रा.प्रा.वि. घोघडिया | १७२ | ४ | ० | | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | ने.रा.आ.वि. बलिरामपुर | ६८१ | ४ | ३ | २ | ९ | |
| ३. | ने.रा.प्रा.वि.छोटकिफुलबरीया | ३०५ | २ | २ | | ४ | |
| ४. | ने.रा.प्रा.वि. पिप्राढी | १३४ | ३ | १ | | ४ | |
| ५. | ने.रा.आ.वि.भौरा | ४६० | २ | ४ | १ | ७ | २ |
| ६. | ने.रा.नि.मा.वि.बघवन | ४७४ | ६ | ३ | | ९ | |
| ७. | ने.रा.प्रा.वि. लक्ष्मिनिया | ९८ | ३ | ० | १ | ४ | |
| ८. | लोकतान्त्रिक गणतन्त्र प्रा.वि. | १५० | १ | ० | | १ | |
| ९. | ने.रा.मा.वि.बसतपुर | ७९४ | ८ | १ | | ९ | १ |
| १०. | ने.रा.प्रा.वि. बैराठपुर | १६१ | ३ | १ | | ४ | |
| ११. | महाविर ने.रा.मा.वि. ब्रम्हपुरी | ५४३ | ६ | ४ | | १० | १ |
| १२. | ने.रा.प्रा.वि. भतौडा | १६६ | ५ | ० | | ५ | १ |
| १३. | दलित प्रा.वि. ब्रम्हपुरी | ६३ | १ | १ | | २ | |
| १४. | तपी मा.वि. | ७२० | ८ | ५ | २ | १५ | |
| १५. | जनज्योती प्रा.वि. सगरदिना | २२८ | १ | १ | | २ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६. | मदर्सा ईस्लाहुल मुसल्मिन | ९५ | ० | ० | | ० | |
| १७. | शिव राधिका प्रा.वि. | २३८ | २ | ० | | २ | |
| १८. | ने.रा.मा.वि.धर्मनगर | ६०३ | ४ | २ | १ | ७ | |
| १९. | ने.रा.आ.वि.शित्तलपुर | ३९३ | ६ | २ | | ८ | |
| २०. | मदर्सा अबिया शित्तलपुर | २५२ | ० | ० | ० | ० | |
| २१. | ने.रा.आ.वि. खमवा | ५०३ | ३ | ० | | ३ | |
| २२. | अमर मा.वि. दोहोरी | १११० | ११ | ४ | ३ | १८ | |
| २३. | महाविर आ.वि. बकुलहर | ५०९ | १ | ० | | १ | |
| २४. | गिर्जा आ.वि. | ३२ | ० | ० | ० | ० | |
| २५. | ने.रा.आ.वि. उत्तरझिटकैया | ४५५ | २ | २ | १ | ५ | |
| २६. | ने.रा.प्रा.वि. मझौलिया | १११ | २ | ० | १ | ३ | |
| २७. | दलित जनकल्याण प्रा.वि. सोनरनिया | १६९ | १ | १ | | २ | |
| २८. | मदर्सा तालिमुल कुरान मझौलिया | १०१ | ० | ० | ० | ० | |
| २९. | सोना विश्वनाथ आ.वि. | १५० | १ | १ | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३०. | विद्यामन्दिर जो.सा.तु. | २४९ | १ | ० | | १ | |
| ३१. | ने.रा.मा.वि. रामपुर | ८३४ | ११ | १ | | १२ | |
| ३२. | जनता मा.वि. भवानीपुर | ७५१ | १५ | १ | | १६ | |
| ३३. | सिद्धेश्वर सं. मा.वि. | २८५ | १० | १ | १ | १२ | १ |
| ३४. | ने.रा.मा.वि. कलैया-६ | १३७३ | २० | ३ | | २३ | |
| ३५. | ने.रा.आ.वि. विश्म्भरपुर | २२३ | २ | २ | १ | ५ | |
| ३६. | नेपाल बालमन्दिर प्रा.वि. | १३९ | २ | ३ | | ५ | |
| ३७. | ने.रा.आ.वि. पुरानोपिप्रा | ९५ | २ | २ | | ४ | १ |
| ३८. | ने.रा.नमुना मा.वि. | ४६८ | 6 | 0 | २ | 8 | १ |
| ३९. | पन्नादेवी कन्या मा.विङ | ९६१ | १६ | ३ | | १९ | |
| ४०. | दुर्गा मा.वि. | २८४५ | १७ | ५ | १ | २३ | २ |
| ४१. | ३ चन्द्र मा.वि. | १७७७ | २१ | ० | | २१ | |
| ४२. | ने.रा.प्रा.वि. बैधनाथपुर | १३८ | ४ | १ | | ५ | |
| ४३. | सरस्वती प्रा.वि. | २०९ | ० | ३ | | ३ | |
| ४४. | ज्ञानज्योती प्रा.वि. पर्साकट्टी | १५० | १ | १ | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५. | मदर्सा सल्फिया रंगपुर | २९४ | ० | ० | ० | ० | |
| ४६. | बरेवा सामुदायिक प्रा.वि. | ९५ | ० | १ | | १ | |
| ४७. | ने.रा.प्रा.वि. टेङ्ग्रहर | ११७ | १ | ० | | १ | |
| ४८. | मदर्सा बहरुल उलुम | २५० | ० | ० | ० | ० | |
| ४९. | मदर्सा सल्फिया दारूल ईस्लाम | ३४८ | ० | ० | ० | ० | |
| ५०. | ने.रा.प्रा.वि. बिजुलपुर | २८३ | ३ | १ | २ | ६ | |
| ५१. | ने.रा.प्रा.वि. बर्वा | २०३ | २ | ० | | २ | १ |
| ५२. | राजदेवी क्लब प्रा.वि. | २०५ | २ | १ | १ | ४ | |
| ५३. | ने.रा.मा.वि. सिस्वा महेशपुर | १०२४ | ५ | २ | | ७ | |
| ५४. | अच्यूतप्रा.वि. | ४० | 0 | 0 | | 0 | |
| ५५. | राधाकृष्ण प्रा.वि. | १५४ | १ | १ | १ | ३ | |
| ५६. | सुर्योदय प्रा.वि. मौजेबिजुलपुर | १०५ | ० | १ | | १ | |
| ५७. | सरस्वती प्रा.वि. पर्तीटोल | १०७ | १ | ० | | १ | |
| ५८. | रामजानकी प्रा.वि. सखुई | १४९ | २ | १ | | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९. | ने.रा.आ.वि.श्रीपुर | २३५ | ३ | २ | | ५ | |
| ६०. | ने.रा.मा.वि. मनहर्वा | ११०५ | ९ | २ | ४ | १५ | |
| ६१. | ने.रा.मा.वि. मटिअर्वा | १५८९ | १५ | ० | | १५ | |
| ६२. | प्रा.वि. मटिअर्वा | २१८ | १ | ० | | १ | |
| ६३. | सार्वजनिक प्रा.वि. निलकण्ठवा | २७१ | ० | ० | | ० | |
| ६४. | ने.रा.प्रा.वि. मनगढवा | ९६ | ३ | ० | | ३ | |
| ६५. | ने.रा.मा.बि. मोतीसर | ७८८ | ३ | ३ | | ६ | १ |
| ६६. | ने.रा.प्रा.वि. भरबलिया | २३२ | १ | ० | १ | २ | |
| ६७. | गढीमाई ने.रा.प्रा.वि. | १४० | २ | ० | | २ | |
| ६८. | ने.रा.प्रा.वि. ईनर्वा | २७९ | १ | १ | १ | ३ | |
| ६९. | नेपाल यतिम खाना रघुनाथपुर | २७४ | ० | ० | ० | ० | |
| ७०. | ने.रा.प्रा.वि. पचायनपुर | २११ | १ | ० | १ | २ | |
| ७१. | ने.रा.मा.वि. सिसहनिया | १००६ | ५ | १ | २ | ८ | १ |
| ७२. | बौधीमाई आ.वि. | ३३८ | ३ | ० | १ | ४ | १ |

| | जम्मा | ३०५२३ | १८२ | ८१ | ३१ | ३९४ | १५ |
|---|---|---|---|---|---|---|---|

सैद्धान्तिक बेरुजु

## ५६ नगरपालिका पुंजिगत

५६.१ **निर्माण कार्यसंग सम्वन्धित कागजात**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५६.२ **योजना अनुगमन** - योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन । साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५६.३ **सडक गुरु योजना** - पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ।यसको लागि पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरुयोजना तयार गरी सोही वमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो।

सैद्धान्तिक बेरुजु

५७ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५८ **नगद जमानत** - पालिकाले उपभोक्ता समिति मार्फत निर्माण हुने योजनाका लागि विगत देखिनै ४ प्रतिशत देखि ५ प्रतिशत नगद जमानत लिने गरेकोमा कार्य सम्पन्न भएपश्चात अन्तिम भुक्तानी दिदाको समयमा नै फिर्ता दिने गरेको पाईयो । कार्यपालिकाको मिति २०७७।९।१० को वैठकले सो उपरान्त हुने उपभोक्ता समितिको योजना सम्झौता गर्दा विगत देखि मर्मत संभार कोष कट्टी वापत एक वर्षको लागि राखिदै आएको ४ प्रतिशत रकम राख्ने तर सो रकम एक वर्ष सम्म नरोकी अन्तिम बिल भुक्तानीको समयमा प्राविधिक विल संगै फिर्ता गर्ने निर्णय गरेको पाईयो । सोही वमोजिम पालिकाले यस वर्ष त्यस्तो रकम अन्तिम विल संगै फिर्ता दिएको पाईयो । यस वर्ष प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शशर्त अनुदान) बाट संचालित भएका योजनाहरु मध्ये अन्तिम विलमा नगद जमानत फिर्ता दिएका केही उदाहरण यस प्रकार छन् :

| उपभोक्ता समिति | नगद जमानत | नगद जम्मा गरेको मिति | योजना फरफारक भएको मिति | नगद फिर्ता दिएको मिति |
|---|---|---|---|---|
| महेन्द्र मिस्त्रीको घर देखि पर्सा गाउँजाने बाटो ढलान र नाला निर्माण उपभोक्ता समिति वडा ६ | ५४८०००.० | २०८०।२।२३ | २०८०।३।२२ | २०८०।२।२२ |
| बरेवा देखि सिसहनिया जाने बाटो ढलान र नाला मर्मत कलैया ८ | ५४७०००.० | २०८०।१।१३ | २०८०।३।२२ | २०८०।२।२२ |

| | | | | |
|---|---|---|---|---|
| खपरताता चौक देखी रंजित चौर सियाको घरहुदै जाने बाटो ढलान र नाला निर्माण उ स वडा नम्बर ८ | २७४०००.० | २०८०।२।२२ | २०८०।३।२२ | २०८०।२।२२ |
| घोघरदियामा अधुरो बाटो ढलान तथा नाला निर्माण उपभोक्ता समिति कलैया ११ | ५५००००.० | २०८०।२।१७ | २०८०।३।२२ | २०८०।२।२२ |
| विधुतिकरण निर्माण उपभोक्ता समति कलैया ४ | १३००००.० | २०८०।२।१९ | २०८०।३।२२ | २०८०।२।२२ |

त्रुटी सच्याउने अवधि सम्मको लागि उक्त मर्मत संभार कोष भनी नगद जमानत लिने गरिएकोमा त्रुटी सच्याउने समय अवधि अगावै फिर्ता दिनु उचित देखिएन ।

सैद्धान्तिक बेरुजु

५९ **शुन्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ।त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ।यस पालिकालाई अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट विनियोजित देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन हुन नसकी प्रगति शुन्य रहेको छ।कार्यालयले कार्ययोजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्दछ।

| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **स्रोत** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|---|
| १ | प्रधानध्यापक बैठक | नेपाल सरकार-समानीकरण अनुदान | ६०० | ० |

| | | | | |
|---|---|---|---|---|
| २ | महिलाहरुलाई बुटिक तालिम | नेपाल सरकार-समानीकरण अनुदान | ४०० | ० |
| ३ | पाठेघर वा आङ्ग खस्ने समस्याका समाधानका लागि वृहत निशुल्क सिविर संचालन गर्ने | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| ४ | सहकारी तथा गरिवी निवारण व्यवस्थापन सुचना प्रणाली (COPOMIS) स्थापना | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| ५ | एकल महिला अपाङ्ग महिला यौनिक तथा पारपाचुके महिला लगायत गरिव महिलाहरुको लागि एडभान्स सिलाई कटाई तालिम र टेलर्स संचालन | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| ६ | डेस्क वेन्च | नेपाल सरकार-समानीकरण अनुदान | २००० | ० |
| ७ | वडा नं ६ मा रहेको श्री ने रा मा वि मदर्सामा विधुतिकरण र भवन मर्मत | नेपाल सरकार-समानीकरण अनुदान | १००० | ० |
| ८ | प्रत्येक वडाको विभिन्न एलानी पर्तिपरात संरक्षण तारवार वाटो घाटो छेउछाउमा वृक्षरोपन आदि कार्यको लागि समाग्री खरिद र ज्यामी ज्यालाको हकमा प्रधानमन्त्री रोजगार शाखाको समन्वय गर्ने | नेपाल सरकार-समानीकरण अनुदान | १००० | ० |
| ९ | वडा नं २३ मेनरोड देखि पश्चिम मस्जिद जाने बाटोमा ढलान र नाला निर्माण कार्य | नेपाल सरकार-समानीकरण अनुदान | १३०० | ० |
| १० | वडा नं ५ मनकामना वोर्डिङ्ग स्कूल देखि दक्षिण स्वीमिङ्ग पुल जाने बाटोमा नाला निर्माण | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| ११ | वडा नं २६ मा रहेको बौदिमाई सहकारी संस्था | नेपाल सरकार- | ५००न | ० |

| | | | | |
|---|---|---|---|---|
| | हुदै छात्रावास सम्म बाटोमा माटो पुरी ग्राभेल | समानीकरण अनुदान | | |
| १२ | श्री ने रा आ वि कलैया १० मटिअर्वामा फलामको डेस्क वेन्च वनाउने कार्य र मर्मत संभार | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| १३ | जि प्र का अगाडी नालामा स्ल्याव ढलान | नेपाल सरकार-समानीकरण अनुदान | १००० | ० |
| १४ | फोहोर मैला व्यवस्थापनको लागि ल्याण्डफिल साईटको व्यवस्थापन गर्ने र फोहोर मैला वर्गिकरण गरी व्यवस्थापन गर्ने कार्य | राजस्व वांडफांड – संघिय सरकार | ७७० | ० |
| १५ | ने रा मा वि वसन्तपुर वडा नं २० मा पर्खाल तथा रेलिङ्ग निर्माण | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| १६ | स्वास्थ्य संस्था व्यवस्थापन मर्मत तथा सम्भार | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| १७ | वलिको घरदेखि रामशरणको घरसम्म अधुरो नाला निर्माण | नेपाल सरकार-समानीकरण अनुदान | ७०० | ० |
| १८ | टि भि एस मोटरसाईकल सोरुम निरको कल्भर्ट र वडाको नालाहरुमा कल्भर्ट निर्माण | नेपाल सरकार-समानीकरण अनुदान | ५०० | ० |
| १९ | वडाभरीका बाटोमा माटोपुरी ग्राभेल कार्य वडा नं ६ | नेपाल सरकार-समानीकरण अनुदान | १००० | ० |

६० **वीमा** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनुपर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। नियमअनुसार वीमा गराई निर्माण कार्य गराउनु पर्दछ।

| **ठेक्कानं** | **निर्माणव्यवसायी** | **सम्झौतारकम** | **वि ओ क्यूमा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| बरेवा छठिया पोखरी पार्क निर्माण कार्य KSMC/NCB/WORKS-07-079.80 | साहु कन्सट्रक्सन पतौरा ५ रौतहट | २,१९,८०,८९९.०२ | ५०,०००.० | |
| मोतसार विधालय भवन निर्माण KSMC/NCB/WORKS-06-079.80 | नेरिसा कन्सट्रक्सन कम्पनी प्रा लि बौध ६ | १,६१,७८,५४५.२३ | १,००,०००.० | |

सैद्धान्तिक बेरुजु

६१ **मर्मत संभार कोष**

यस वर्ष पालिकाले नगरपालिका पुजीगत तर्फ मर्मत संभार कोषमा रु.१ करोड ३५ लाख वजेट विनियोजन गरि रु.१ करोड २२ लाख ६१ हजार खर्च गरेको छ । नगरसभाले उक्त शीर्षकमा एकमुष्ट वजेट विनियोजन गर्ने र सो बाट नगरप्रमुखको तोक आदेशमा विभिन्न साना साना योजना र कार्यक्रममा खर्च गर्ने गरेको देखियो । खर्च गर्दा बाटो मर्मत मन्दिर मर्मत विधालयमा पर्खाल निर्माण छठघाट मर्मत एरिया व्यवस्थापन मन्दिरमा झ्याल ढोका राख्ने मार्वल टायल लगाउने जस्ता कामहरु साना साना टुक्रा पारी पटके रुपमा गर्ने गरिएको पाईयो ।यसरी साना काम गर्दा २९ वटा कामहरु रु १ लाख भन्दा घटीका गरेको पाईयो भने रु.१ लाख देखि रु.१० लाख भित्रका २४ वटा योजना तथा कार्यक्रमहरु संचालन गरेको पाईयो । यसरी मर्मत संभारमा एकमुष्ट रकम विनियोजन गर्ने र नगरप्रमुखको तोक आदेशमा योजना तथा कार्यक्रम छनोट गरी खर्च गर्ने पद्धतिमा सुधार हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **कर्मचारी प्रोत्साहन भत्ता —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले यो वर्ष रु. ८७,७७,९५८.० प्रोत्साहन भत्ता खर्च गरेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६३ **आयोगको परामर्श —** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर यस पालिकाले फायरम्यान ४ जना चतुर्थ तहबाट पाँचौ तह, २ जना नगर प्रहरी तृतीय बट चतुर्थ, १३ जना कुचीकार तृतीय बाट चतुर्थ मा स्तर वृद्धी गरेको छ ।ति स्तर वृद्धी गरिएका कर्मचारिको स्तर वृद्धिको तलव भत्ताको रकम प्राप्त हुन नसकेको कारण असुल गर्नु पर्ने रकम एकिन गर्न सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६४ **पदाधिकारी सुविधा-** मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ३,७५,१७,०४०.९९ खर्च लेखेको देखिन्छ । जुन पालिकाको यो वर्षको आन्तरिक आयको तुलनामा ७७ प्रतिशत रहेको देखिन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सीमाभित्र राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **यातायात भत्ता -** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा कार्यक्रमहरुमा सहभागीहरुको आते जाते खर्चको सम्वन्धमा यातायात चल्ने स्थानमा बस बापतको न्यूनतम भाडा पाउने, सार्वजनिक यातायात नचल्ने

स्थानमा आते जाते गरी दुई दिन सम्मको लागि एक मुष्ट रु.२००.० सम्म यातायात खर्च पाउने व्यवस्था छ । पालिकाले देहायका कार्यक्रमहरुमा सहभागीहरुलाई निर्देशिकाले तोकेको भन्दा बढी दरले यातायात भत्ता दिएको त्यस्तै मासिक यातायात तथा इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारीहरुलाई समेत यातायात भत्ता भुक्तानी गर्ने गरेको देखियो । अतः निर्देशिका भन्दा बढी भुक्तानी भएको सम्वन्धीत सहभागिहरुबाट रु.१०१२००.० र मासिक यातायात तथा इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी भएको सवै यातायात भत्ता रु. ४९१०००.० गरी रु.५९२२००.० असूल गरी दाखिला गर्नुपर्ने रु.

| भौ नं र मिति | कार्यक्रमको नाम | मासिक यातायात तथा इन्धन सुविधा प्राप्त गर्ने कर्मचारी तथा पदाधिकारीहरुलाई भुक्तानी भएको रकम | कार्यक्रममा सहभागीहरुलाई बढी भुक्तानी भएको रकम | जम्मा असूल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १५६१-२०८०।३।२१ | आप्रवासी श्रोत केन्द्र संचालन कार्यक्रम | नगरप्रमुख विनोद प्रसाद शाह र प्र.प्र.अ नाथु शाह सहित सहभागी ४१ मध्ये १८ जनाको रु.५००.० का दरले रु.९०००.० | बांकी २३ जनाको रु.३००.० का दरले रु.६९००.० | १५९००.० |
| १६४८-०८०।३।२४ | शैक्षिक योजना निर्माण र छपाई | - | सहभागी ८ जनालाई रु.३००.० का दरले २ दिनको रु.४८००. | ४८००.० |
| ३-२०७।१२।३० | वाल संरक्षण । जन्मदर्ता अभियान अभिमुखीकरण कार्यक्रम | नगरप्रमुख विनोद प्रसाद शाह र प्र.प्र.अ नाथु शाह सहित पदाधिकारी र कर्मचारी २८ जनाको रु.५००.० का दरले रु.१४०००.० | सहभागी ४४ जनाको ५ दिनको रु.३००. का दरले रु.६६०००.० | ८००००.० |

| | | | | |
|---|---|---|---|---|
| ४८८-०७९।०६।२५ | स्थानीय तहबाट हुने न्याय सम्पादन जनप्रतिनिधिहरुको भूमिका सम्वन्धि अभिमुखीकरण | नगरप्रमुख विनोद प्रसाद शाह र प्र.प्र.अ नाथु शाह सहित ३० जनाको रु.५००.० का दरले ३ दिनको रु. ४५०००.० | सहभागी १७ जनाको रु.३००.० का दरले ३ दिनको रु.१५,५००.० | ६०३००.० |
| १६२७-२०८०।३।२३ | सभा सन्चालन खर्च | नगरप्रमुख विनोद प्रसाद शाह र प्र.प्र.अ नाथु शाह र लेखा अधिकृत दिव्या सरार्फ सहित पदाधिकारी १४१ जनाको रु.१०००.० का दरले ३ दिनको ४२३०००.० | अन्य सहभागी ४ जना मध्ये २ जनाको १ दिनको १०००.० का दरले र बांकी २ जनाको ३०००.० का दरले रु.८०००.० | ४३१०००.० |
| | **जम्मा** | **४९१०००.०** | **१०१२००.०** | **५९२२००.०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९२,२०० |

६६ **पेश्की फछ्र्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने र ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०७६।७७ र ०७७।७८ विभिन्न धर्म संस्कृति प्रवर्द्धन गर्न वडा सचिव राजेश ठाकुरले लिएको पेश्की फछ्र्यौट भरपाई दादैका आधारमा १२४०-२०८०।१।२४ बाट वडा सचिवले पेश्की लिइ समयमै फछ्र्यौट नगरी विभिन्न समितिहरुलाई यसरी भरपाई दादैका आधारमा भुक्तानी दिएको आधारमा पेश्की फर्छ्यौट गरेको उचित देखिएन । आवश्यक प्रमाणका आधारमा खर्चको पुष्टयाई गर्नु पर्ने रु.

| पेश्की लिएको आ. व. | फछ्यौंट मिति | रकम बुझ्नेको नाम | विवरण ठेगाना | रकम |
|---|---|---|---|---|
| २०७६।७७ | २०८०।१।२४ | मनोज कुमार यादव | छठ पुजा समिति बरेवा बैरिया | १००००० |
| | | गौरीशंकर भगत माली | ब्रहमबाबा पुजा | १५००० |
| | | दिपक साह | मंदिर रंगरोगन | १०००० |
| ०७७।७८ | २०८०।१।२४ | मनोज कुमार यादव | छठ पुजा समिति बरेवा बैरिया | १००००० |
| | | गौरीशंकर भगत माली | ब्रहमबाबा पुजा | १५००० |
| | | खुरसेद अंसारी | मशजिदमा | १०००० |
| | | मनोज कुमार यादव | दुर्गा पुजा समिति बरेवा बैरिया | ८०००० |
| | | चन्दन प्रसाद जयसवाल | कृष्ण मंदिर पुजा बरेवा बैरिया | २०००० |
| | | | जम्मा | ३५००००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

६७ **विविध खर्च तर्फ-** ३,२०७९।१२।३० युनिसेफ तर्फको बाल संरक्षण जन्मदर्ता अभियान अभिमुखीकरण कार्यक्रम बापत नेहा कुमारी केशरीले लिएको पेश्की रु ५७५५०० फर्छयौट गर्दा देखिएका व्यहोराहरु यस

प्रकार छन्ः

**प्रशिक्षक भत्ता-** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार २०७७ अनुसार नगरपालिका स्तरमा तालिम तथा कार्यक्रममा प्रशिक्षकलाई प्रति कक्षा वापत रु.१५००.० का दरले दरले र संयोजक वापत रु ४०० का दरले पारिश्रमिक दिन सकिने व्यवस्था छ । पालिकाबाट माथि उल्लेखित कार्यक्रममा नर्म्स भन्दा बढी प्रशिक्षक भत्ता तथा संयोजक खर्च लेखेकोले पेश्की एवं भुक्तानी लिने सम्वन्धित कर्मचारीबाट कर कट्टी पश्चातको रकम रु. १२३२५.० असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| २०७९।१०।१० मा प्रशिक्षण वापत | | | | | |
|---|---|---|---|---|---|
| नाम | विवरण | भुक्तानी भएको दर | दिन | हुनुपर्ने दर | बढी भुक्तानी करकट्टी पछि |
| शेषनाथ पासवान | प्रशिक्षक | २००० | ६ | १५०० | २५५० |
| दिव्या सर्राफ | प्रशिक्षक | २००० | १ | १५०० | ४२५ |
| नेहा कुमारी केशरी | संयोजक | ३००० | १ | ४०० | २२१० |
| नेहा कुमारी केशरी | संयोजक | १००० | ७ | ४०० | ४५९० |
| तपसी कुमार चौरसिया | प्रशिक्षक | २००० | १ | १५०० | ४२५ |
| जम्मा | | | | | १०२०० |
| १२२४-२०८०।१।१९ अन्तर्राष्ट्रिय महिला दिवस मनाउने कार्यक्रममा प्रशिक्षक वापत | | | | | |
| दिव्या सर्राफ | प्रशिक्षक | २००० | १ | १५०० | ४२५ |
| नेहा कुमारी केशरी | प्रशिक्षक | २००० | १ | १५०० | ४२५ |

| | |
|---|---|
| जम्मा | ८५० |
| कुल जम्मा | ११०५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०५० |

६८ **प्रशिक्षक भत्ता** - ४८८-२०७९।६।२५ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ अनुसार प्रदेश/ जिल्ला र गाउंपालिका स्तरमा तालिम तथा कार्यक्रममा प्रशिक्षकलाई प्रति कक्षा वापत का दरले र संयोजक वापत रु ४०० का दरले पारिश्रमिक लिन सकिने व्यवस्था छ । पालिकाबाट २०७९।५।१० देखि २०७९।५।१२ सम्म संचालन भएको स्थानीय तहबाट हुने न्याय सम्पादनमा जनप्रतिनिधिहरुको भूमिका सम्बन्धी अभिमुखिकरण तथा प्रशिक्षण कार्यक्रममा नर्म्स भन्दा बढी प्रशिक्षक भत्ता तथा संयोजक खर्च लेखेकोले पेश्की एवं भुक्तानी लिने सम्वन्धित कर्मचारीबाट कर कट्टी पश्चातको रकम. रु.३४६८०.० असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **विवरण** | **भुक्तानी पाउने व्यक्तीको नाम** | **कक्षा संख्या** | **प्रशिक्षण भत्ता दर** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** | **कर कट्टी पछिको भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| संयोजक | टोप बहादुर सिंह | ३ | ५००० | ४८०० | १५००० | १०८०० | ८६७० |
| प्रशिक्षक | अलि अकबर मिकरानी | ३ | ५००० | ४८०० | १५००० | १०२०० | ८६७० |
| प्रशिक्षक | शम्भु बहादुर खड्का | ३ | ५००० | ४८०० | १५००० | १०२०० | ८६७० |
| प्रशिक्षक | नारायण प्रसाद पोखेल | ३ | ५००० | ४८०० | १५००० | १०२०० | ८६७० |
| | | | | | | **जम्मा** | **३४६८०।** |

